# जैविक विविधता संरक्षणमा द्वन्द्व व्यवस्थापन : भविष्यको मार्गदर्शन

## २९<sup>औं</sup> वार्डेन सेमिनार तथा ११<sup>औं</sup> मध्यवर्ती क्षेत्र बैठक प्रतिवेदन

चैत्र १८-२१, २०६९ (31 March-3 April, 2013)
शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज
पानी मुहान, बुढानिलकण्ठ, काठमाण्डौं



राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाण्डौं

# जैविक विविधता संरक्षणमा द्वन्द्व व्यवस्थापन : भविष्यको मार्गदर्शन

## २९औं वार्डेन सेमिनार तथा ११औं मध्यवर्ती क्षेत्र बैठक प्रतिवेदन

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाण्डौं

[illegible] : [illegible]

[illegible] : [illegible]

सम्पादक : [illegible]

सल्लाहकार : [illegible]

सर्वाधिकार © : [illegible]
२०७०

मुद्रक : [illegible]
[illegible]
फोन: [illegible]

---

द्रष्टव्य:- यस पुस्तकमा प्रस्तुत सामग्रीहरू प्रस्तुतकर्ताका निजी विचार हुन् ।

Government of Nepal
**Ministry of Forest and Soil Conservation**
**Department of National Parks & Wildlife Conservation**

# FOREWORD

The Department of National Parks and Wildlife Conservation is coordinating to involve different conservation partners in achieving the common goal of nature conservation in the country. Various organizations such as Nepal army, buffer zone community, world wildlife fund, national trust for nature conservation, and other governmental and nongovernmental organizations are putting their hands with the department to protect wildlife and biodiversity.

To share the experiences of work in different regions and with various partners, the Department organized the warden seminar in Shivapuri Nagarjun National Park, Panimuhan from 18-21 Chaitra, 2069 with a theme 'Conflict Management in Biodiversity Conservation: Way Forward'. I hope that the seminar would be important to identify and address the pressing challenges of human-wildlife conflict related to the use of common but limited natural resources by ever-increasing population of both the human being and the wildlife in the upcoming era. The seminar would be fruitful if the resolutions passed by the meeting could effectively be taken into action to address the conservation issues with the help of concerned organizations, partners, and individual conservation experts. I am optimistic and urge to all for their supports in translating the commitment into action for ecological security that ultimately provides the bases for human wellbeing.

I am grateful to all the participants for their active participation and precious comments during the discussion and the papers presented there. Special thanks go to the staff of this Department and the Shivapuri Nagarjun National Park for their hardworking to make the seminar success. I am thankful to Mr Ram Chandra Kandel, Mr Nurendra Aryal, and Mr Rajendra Dhungana who helped for taking notes and Mr Hari Bhadra Acharya who worked for editing the proceeding document.

I would like to express my sincere thanks to the honorable minister of Forests and Soil Conservation Mr. Tek Bahadur Thapa Gharti for his gracious presence and invaluable suggestions for the conservation and management of wildlife and its habitat.

Mr Megh Bahadur Pandey
Director General

# LIST OF ACRONYMS

| | |
|---|---|
| BCP | Biodiversity Conservation Program |
| BNP | Bardia National Park |
| BZ | Buffer Zone |
| CITES | Convention on International Trade of Endangered Species of Wild Flora and Fauna |
| DNPWC | Department of National Parks and Wildlife Conservation |
| DMI | Development and Management Institute |
| IDA | International Development Association |
| IDF | Institutional Development Fund |
| KNP | Khaptad National Park |
| LNP | Langtang National Park |
| MIST | Management Information System Technique |
| NTNC | National Trust for Nature Conservation |
| PAs | Protected Areas |
| PABZ | Protected Area and Buffer Zone |
| RNP | Rara National Park |
| SAWEN | South Asia Wildlife Enforcement Network |
| SMART | Spatial Management and Reporting Tool |
| SNP | Sagarmatha National Park |
| SNNP | Shivapuri Nagarjun National Park |
| TAL | Terai Arc Landscape |
| WCCB | Wildlife Crime Control Bureau |

# TABLE OF CONTENTS


| | | |
|---|---|---|
| वार्डेन सेमिनार तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति बैठक | | १ |
| परिचय (Introduction) : | | १ |
| उद्‌घाटन समारोह (Inaugural Ceremony) | | २ |
| “जैविक विविधता संरक्षणमा द्वन्द्व व्यवस्थापन : भविष्यको मार्गदर्शन” | | ७ |
| **पहिलो दिन** | | |
| प्रस्तुतीकरण | | ७ |
| १०औं मध्यवर्ती क्षेत्र बैठकका संकल्प प्रस्तावहरु र तिनको प्रगति | | ८ |
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको सांगठनिक संरचनामा संशोधन प्रस्ताव | | ९ |
| **दोश्रो दिन** | | |
| प्रस्तुतीकरणः | | ११ |
| Discussion on Guideline of Wildlife Damage Relief Fund 2069 | | ११ |
| **तेश्रो दिन** | | |
| प्रस्तुतीकरण | | १६ |
| Human-Wildlife Conflict: Past experience, present scenario, and way forward | | १६ |
| **चौथो दिन** | | २० |
| २९ औं वार्डेन सेमिनार तथा ११ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति बैठकका संकल्पहरु | | २१ |
| **अनुसूचीहरु** | | २३ |
| अनुसूची १.१ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको सांगठनिक संरचनामा संशोधन प्रस्ताव | २३ |
| अनुसूची १.२ | Envision of the BZ Program, Policy Implication, lessons learnt and prospects for the future directions | २६ |
| अनुसूची १.३ | International treaties including CITES CoP-16, SAWEN and Projects | ३० |
| अनुसूची १.४ | Projects (Regional IDA/IDF/Hariyo Ban Program) | ३४ |
| अनुसूची १.५ | DMI Presentation: Strengthening Capacity of DNPWC (SCDNPWC) for Effective Management of Mountain Protected Areas (KNP, RNP, SNNP, SNP, MBNP and LNP) | ४१ |
| अनुसूची १.६ | Proposed Working Procedure of Tourism Services in PAs | ४४ |
| अनुसूची २ | सेवा संचालन मूल्यांकनका आधारहरु : | ५५ |

| | | |
|---|---|---|
| अनुसूची १.७ | Coordination amongst the Law Enforcement Agencies for Illegal Wildlife Trade/Inside-Outside | ५७ |
| अनुसूची १.८ | Human-Wildlife Conflict: Past experience, present scenario, and way forward | ६० |
| अनुसूची १.९ | Successful Experience of MIST/SMART Application in Bardiya National Park | ६४ |
| अनुसूची १.१० | Human-Elephant Conflict : Lessons Learnt and Measures for Resolution/Mitigation | ६८ |
| अनुसूची १.११ | Role and Involvement of Nepal Army in PA Conservation System | ७१ |
| अनुसूची १.१२ | Ecological Behavior of the Rhinoceros & Management Implications against Human-Wildlife Conflict | ७७ |
| अनुसूची १.१३ | Terai Arc Landscape (TAL) Programme, Protected Areas & Buffer Zones (PABZ) | ८० |
| अनुसूची १.१४ | Management of Problem Animals in Nepal | ८६ |
| अनुसूची २ | समूहगत तयारी तथा छलफल | ८९ |
| अनुसूची ३ | उद्घाटन समारोहको कार्यक्रम | १०३ |
| अनुसूची ४ | प्राविधिक सत्रका कार्यक्रमहरु | १०४ |
| अनुसूची ५ | कार्यक्रमका सहभागीहरुको नामावली सूची | १०७ |

# वार्डेन सेमिनार तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति बैठक

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

**बबरमहल, काठमाण्डौं**

## परिचय (Introduction) :

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको ऐतिहासिक शुरुवात वि.सं. २०२८ सालमा नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत वन विभागमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण शाखा कार्यालयको रुपमा भएको थियो, त्यसपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण शाखाको रुपमा र वि.सं. २०३८ सालबाट राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको रुपमा एउटा छुट्टै संस्थाको स्थापना भएको थियो। साथै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरुको समग्र संरक्षण सम्बन्धी कार्यको जिम्मा वि.सं. २०३२ सालबाट नेपाली सेनाले लिंदै आएको छ।  छुट्टै विभागको स्थापना पश्चात बि.सं. २०३८ सालबाट प्रत्येक वर्ष वार्डेन सेमिनार सञ्चालन गर्न थालिएको हो । त्यसैगरी बि.सं. २०६० देखि नियमित रुपमा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको सञ्जाल वैठक पनि गरिँदै आईएको छ । बि.सं. २०७० साल सम्ममा संरक्षित क्षेत्र प्रणाली भित्रका बिभिन्न स्थानमा २९ वटा वार्डेन सेमिनारहरु सञ्चालन र सम्पन्न भइसकेका छन्। संरक्षण र विकासका कार्यक्रमलाई एकीकृत शैलीमा सञ्चालन गर्ने प्रतिबद्धताका साथ २१ औ वार्डेन सेमिनार बाट हरेक वर्षको लागि नारा राख्ने चलन शुरु भएको हो ।

| २१ औं वार्डेन सेमिनारदेखि हालसम्मको वार्डेन सेमिनारका नाराहरु तपसिल अनुसारका छन् | |
|---|---|
| **सेमिनार संख्या** | **सेमिनारको नारा** |
| २१ औं | संरक्षण र गरिवी निवारणका लाागि पर्यापर्यटन (Ecotourism for Conservation and Poverty Reduction) |
| २२ औं | जनताका लागि सिमसार : चुनौती र अवसर (Wetland for People: Challenges and Opportunities) |
| २३ औं | संरक्षणका लागि बृहत सहकार्यको निर्माण गरौं (Building Broader Coalition for Conservation) |
| २४ औं | संरक्षणकार्यका वर्तमान चुनौती (Conservation Challenges in Present Context) |
| २५ औं | संरक्षणमा समावेशीकरण (Inclusiveness in Conservation) |
| २६ औं | जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनमा संरक्षित क्षेत्रको भूमिका (Role of Protected Area in Climate Change Mitigation and Adaptation) |
| २७ औं | सन् २०१० पछिको संरक्षित क्षेत्र प्रणाली (Protected Area System Beyond 2010) |
| २८ औं | संरक्षणमा लगानी : भविष्यको सुनिश्चितता (Invest in Conservation: Secure the Future) |
| २९ औं | जैविक विविधता संरक्षणमा द्वन्द्व व्यवस्थापन: भविष्यको मार्गदर्शन (Conflict Management in Biodiversity Conservation: Ways Forward) |

मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिहरुको वार्षिक बैठक वि.सं. २०५९ देखि २०६३ सम्म छुट्टै सञ्चालन हुँदै आएको भएतापनि मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति जम्मा १२ वटा मात्र भएको र संञ्जालको रुपमा संचालन गर्न कानूनी, आर्थिक तथा व्यवहारिक कठिनाईका कारण सम्भव नदेखिएकोले हालसम्म मध्यवर्ती क्षेत्र सञ्जाल मञ्च कानूनी रुपले गठन भई प्रभावकारी रुपमा संचालन हुन नसकेको हुँदा वि.सं. २०६४ मा चितवनको माडीमा भएको २४ औं वार्डेन सेमिनारबाट मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको छैटौं वार्षिक बैठक

वार्डेन सेमिनारसंगै संयुक्तरुपमा सञ्चालन गरियो । तत्पश्चात वार्डेन सेमिनार र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिहरुको बैठक संयुक्त रुपमा संचालन हुँदै आएको छ ।

यस वर्षको २९ औं वार्डेन सेमिनार तथा ११ औं मध्यवर्ती क्षेत्र समन्वय बैठक मिति २०६९ चैत्र १८ देखि २१ गतेसम्म शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज, पानी मुहान, काठमाण्डौंमा **जैविक विविधता संरक्षणमा द्वन्द्व व्यवस्थापनः भविष्यको मार्गदर्शन "CONFLICT MANAGEMENT IN BIODIVERSITY CONSERVATION: WAYS FORWARD"** भन्ने नाराका साथ सम्पन्न भएको छ ।

## उद्घाटन समारोह (Inaugural Ceremony)

**स्वागत मन्तव्य :**

**श्री मेघ बहादुर पाण्डे, महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग**

उद्घाटन कार्यक्रमका आमन्त्रित अतिथी तथा सहभागीहरुलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्री मेघ बहादुर पाण्डेले कार्यक्रममा स्वागत गर्दै वार्डेन सेमिनारको उद्देश्यका बारेमा प्रकाश पार्नु भएको थियो ।

वहाँले शारीरिक अस्वस्थताका कारण यस उद्घाटन कार्यक्रममा उपस्थित हुन असमर्थ हुनु भएका वन तथा भूसंरक्षण मन्त्रालयका सचिव डा. श्री कृष्ण चन्द्र पौडेलले वार्डेन सेमिनार तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिहरुको समन्वय बैठकको सफलताको लागि पठाउनु भएको शुभ कामना सन्देश सुनाउनु भएको थियो ।

सो अवसरमा बोल्दै महानिर्देशक श्री पाण्डेले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको ऐतिहासिक पृष्ठभूमी र यस विभागले संरक्षणको इतिहासमा प्रजातिको संरक्षण अभियानबाट शुरु भएको प्रयास, अहिले आएर भू-परिधीय रुपमा अघि बढ्दै एकीकृत संरक्षण र व्यवस्थापनको अग्र पथमा रहेको महत्वपूर्ण उपलब्धी बारे जानकारी गराउनु भएको थियो । स्थापनाकालदेखि हालसम्म आईपुग्दा विभागले गरेका प्रयास, अवलम्बन गरेका नीति तथा कार्यक्रम, अग्रजहरुले पुर्‍याएको योगदान र वर्तमानमा विभागले फड्को मारेका उपलब्धीहरुको स्मरण गर्दै विभागको स्थापना कालदेखि पुर्‍याउनु भएको योगदानको लागि संस्थापक पूर्व महानिर्देशक श्री विश्वनाथ उप्रेतीलाई विशेष धन्यवाद ज्ञापन गर्नु भएको थियो । जैविक विविधता संरक्षणमा नेपालले विभिन्न सन्धी सम्झौताको पक्ष राष्ट्रको हैसियतले उल्लेख्य भूमिका निर्वाह गरेको जानकारी समेत अवगत गराउनु भयो । वर्तमानसम्म आईपुग्दा विभागले सामना गर्नुपरेका मुलभूत समस्याहरुको समाधान र तत्कालीन तथा दीर्घकालीन सोचबारे महानिर्देशकज्यूले निम्न बुँदाहरु प्रस्तुत गर्नुभएको थियो ।

**समस्याहरु :**

- नयाँ संगठन संरचना स्वीकृत भै तत्काल लागू गर्नुपर्ने ।
- जिर्ण भवन मर्मत, तथा नयाँ भवन निर्माण गरी पोष्ट पुनर्स्थापना गर्नुपर्ने ।
- वातावरणीय प्रभाव मुल्यांकन निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- सञ्चार सुविधाको विकास र पर्यापर्यटन प्रवर्द्धन तथा अत्यावस्यक विकासको पूर्वाधारमा जोड दिनुपर्ने ।
- समय सापेक्ष ऐन नियममा संशोधन गरिनुपर्ने ।
- मनव वन्यजन्तु द्वन्द्व समाधानको लागि ठोस कार्यनीति ल्याइनुपर्ने ।

- दुर्गम स्थानमा काम गर्ने कर्मचारी र नेपाली सेनाको लागि उचित सम्मान र सुविधाको व्यवस्था गरिनु पर्ने ।
- मकालु वरुण राष्ट्रिय निकुञ्ज र ढोरपाटन शिकार आरक्षमा सुरक्षा व्यवस्था नहुँदा संरक्षणमा कठिनाई परेकोले नेपाली सेना तैनाथ गर्नुपर्ने ।

**सोच :**

- Protected Area Staff Fund (PASF) को स्थापना गरिनु पर्ने ।
- संरक्षित क्षेत्रमा गाडी गुडे बापत यातायात व्यवसायीसंग छलफल गरी संरक्षणका लागि Payments for Prints शुल्क उठाउने व्यवस्था गर्नु पर्ने ।
- Wildlife Trade Control गर्न प्रहरीसंग सहयोग बढाउनु पर्ने ।
- CIB मार्फत Eyes on Trade रणनीति लिईनु पर्ने ।
- अन्तर्राष्ट्रिय जगतबाट प्रशंशित नेपालको संरक्षणको सफलताको साखलाई कायम राख्न सबैको संयुक्त प्रयास रहीरहनु पर्ने ।
- संरक्षित क्षेत्रमा तैनाथ नेपाली सेनालाई Boots on the Ground को अवधारणामा जोडदिने रणनीति अवलम्बन गर्ने ।

**कार्यक्रमको औपचारिक शुभारम्भ :** प्रमुख अतिथि वन तथा भू-संरक्षण मन्त्रालयका माननीय मन्त्री श्री टेक बहादुर घर्तीले पानसमा बत्ती वालेर कार्यक्रमको उद्घाटन गर्नु भएको थियो ।

**शुभकामना मन्तव्य :**

**श्री लव विष्ट, संयोजक, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति सञ्जाल मञ्च**

शुभकामना मन्तव्यको कममा श्री विष्टले आफुले अनुभव गरेका र मध्यवर्ती क्षेत्र कार्यकमको कार्यान्वयनको कममा भोगेका समस्याहरुलाई छलफल र कार्यान्वयनका लागि प्रस्तुत गर्दै विभिन्न सुझावहरु राख्नु भएको थियो :

- मध्यवर्ती क्षेत्रको वजेट निकासा नियमित नभएकोले समस्या उत्पन्न भएको ।
- आम्दानी कम हुने संरक्षित क्षेत्रका मध्यवर्ती क्षेत्रमा अन्य सहयोगी संस्थाहरुलाई ल्याउनु पर्ने र Sister Park को अवधाणा लागू गर्नुपर्ने ।
- संरक्षित क्षेत्र र मध्यवर्ती क्षेत्र बीचको सिमा विवाद छुट्टयाउनु पर्ने ।
- संरक्षित क्षेत्रमा कर्मचारीको अभावको स्थितीको समाधान गर्नुपर्ने ।
- मध्यवर्ती क्षेत्रको घोषणा हुँदा कर्मचारी थप नभएकोले सो को लागि उपयुक्त रणनीति आवस्यक भएको ।
- लालपूर्जा भएको जग्गाको हकभोग गर्नमा बञ्चित गर्न नहुने ।
- शुक्लाफाँटा वन्यजन्तु आरक्ष र कोशी टप्पु वन्यजन्तु आरक्षको जग्गा समस्या सिघ्र समाधान हुनुपर्ने ।
- चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका जग्गाको क्षतीपूर्ति दिन सकिने अवस्था नरहेको ।
- मध्यवर्ती क्षेत्र सम्बन्धी नीति नियमहरु समय सापेक्ष परिमार्जन हुनुपर्ने ।

**श्री बाबु कृष्ण कार्की, महासेनानी, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय, नेपाली सेना**

आफ्नो शुभकामना मन्तव्यमा म.से. श्री कार्कीले संरक्षण कार्यमा नेपाली सेना समर्पित भएर लागीपर्ने प्रतिबद्धता व्यक्त गर्दै विभिन्न समयमा नेपाली सेनाका ८८ जना सुरक्षाकर्मीले ज्यान गुमाएको जानकारी गराउनु भएको थियो । संरक्षित क्षेत्रका साथसाथै राष्ट्रियस्तरमा जल्दोबल्दो समस्याको रुपमा देखापरेको चुरेको संरक्षण प्रति नेपाली सेनाको संलग्नता आवस्यक परेमा जिम्मेवारी लिन तयार हुनुपर्ने कुरा समेत वहाँले जाहेर गर्नुभयो ।

मकालु वरुण राष्ट्रिय निकुञ्ज र ढोरपाटन शिकार आरक्षको संरक्षण कार्य जोखिममा परेको अवस्था भएको हुँदा नेपाली सेनाको संलग्नता जरुरी देखिएको र विभिन्न निकुञ्ज तथा आरक्षहरुमा हाल रहेका १३७ वटा पोष्टको संख्या बढाएर दुई गुना बनाउनुपर्ने आवस्यकता प्रति गंभिरता व्यक्त गर्नु भयो । साथै बाँके राष्ट्रिय निकुञ्जमा नेपाली सेनाको गणलाई तत्काल तोकिएको स्थानमा सारिने र सगरमाथा क्षेत्रमा नेपाली सेनाको टोलीले Cleaning Operation सञ्चालन गर्न लागेको व्यहोरा पनि अवगत गराउनु भएको थियो ।

सो अवसरमा म.से. श्री कार्कीले प्रकृति संरक्षणमा नेपाली सेनाको प्रभावकारी भूमिकालाई अबिछिन्न र अक्षुण्ण राख्दै वन्यजन्तु अपराध नियन्त्रणमा कटिबद्ध भै Team Efforts का साथ लागीपर्ने प्रण गर्नुभयो, साथै अत्यावस्यकीय श्रोत र साधनको उपलब्धता अनिबार्य भएको तथ्य पनि प्रस्तुत गर्नु भएको थियो ।

**श्री केश बहादुर शाही, नायव प्रहरी महा-निरीक्षक, अपराध अनुसन्धान विभाग, नेपाल प्रहरी**

संरक्षणका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा मातहतका कार्यालय/निकायसंग सहकार्यका लागि नेपाल प्रहरीबाट सदा सहयोगको लागि हात बढाउन तत्पर रहेको प्रतिबद्धता जाहेर गर्दै नेपाल प्रहरीको तर्फबाट अपेक्षित केही सुझावहरु प्रस्तुत गर्नुभयो ।

- वन्यजन्तुको अपराध नियन्त्रण सम्बन्धी सञ्जालको नाम Environment Control & Investigation राख्न उपयुक्त हुने ।
- Investigation को Range बढाउनुपर्ने ।
- Analytical tool develop गर्न नसकिएको महशुस गर्दै Supervisory Role मा स्पष्ट हुनुपर्ने ।
- बिना वारेन्ट गिरफ्तार गर्ने अधिकार हुँदाहुँदै पनि Intelligence weak भएकोले विशेष रणनीतिका साथ लागी पर्नुपर्ने ।
- Border Security र Custom लाई विशेष अधिकार सम्पन्न गर्नुपर्ने ।

**सम्मान कार्यकम**

निजामती सेवामा रही आजीवन संरक्षणमा संलग्न हुनु भएका पूर्व संरक्षणकर्मीहरुलाई प्रमुख अतिथि माननीय मन्त्री श्री टेक बहादुर घर्तीले दोसल्ला ओढाई सम्मान गर्नुभयो ।

**सम्मानित हुनुहुने व्यक्तिहरु निम्नानुसार हुनुहुन्थ्यो :**

श्री जमुनाकृष्ण ताम्राकार, पूर्व प्रमुख संरक्षण अधिकृत
श्री रामप्रित यादव, पूर्व प्रमुख संरक्षण अधिकृत
श्री जगन्नाथ सिंह, पूर्व प्रमुख संरक्षण अधिकृत
श्री दुर्गा प्रसाद पौडेल, पूर्व संरक्षण अधिकृत

**प्रमुख अतिथि माननीय मन्त्री श्री टेक बहादुर घर्तीज्यूको उद्घाटन मन्तव्यको सार संक्षेप**

नेपाल सानो र भू-परिवेष्ठित राष्ट्र भएर पनि जैविक विविधताको लागि धनी छ। तराई देखि हिमालसम्म विभिन्न हावापानीमा विविध प्रकारका वन्यजन्तु, वनस्पति र पारिस्थितिक प्रणालीहरु नेपालका अमूल्य निधि हुन् । यिनको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन गर्नु हामी सबैको साझा दायित्व हो । यसै तथ्यलाई ध्यानमा राखी नेपाल सरकारले सन १९७० को दशक देखि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्रहरुको स्थापना गरी जैविक विविधताको संरक्षण गर्दै आएको छ। संरक्षणको पवित्र कार्यमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र मातहतमा रहेका कर्मचारीहरु, सुरक्षाको जिम्मा लिई खटिएका नेपाली सेना र संरक्षित क्षेत्रका वरीपरी बस्ने स्थानीय समुदायको भूमिकालाई कसैले पनि नजरअन्दाज गर्न सक्दैन । यस कार्यमा संरक्षणमा संलग्न सहयोगी संस्थाहरुको भूमिका उत्तिकै महत्वपूर्ण छ ।

हालसम्मको तथ्यांकलाई हेर्दा संरक्षित क्षेत्रले करीब २३ प्रतिशत भू-भाग ओगटेको छ । यो आफैमा गर्वको विषय हो । तथापि संरक्षित क्षेत्र बढ्दै जांदा तदनुसारको सांगठनिक संरचना समयमै स्वीकृत गराएर कार्यक्रमहरु सन्चालन गर्न नसक्दा हामीले जनताका धेरै गुनासाहरुको सामना गर्नु परेको छ। देशमा राजनितिक स्थिरता नभएको कारणबाट मध्यवर्ती क्षेत्रको बजेट समयमा निकासा नहुँदा मध्यवर्ती क्षेत्रको गुनासो अझ टड्कारो रुपमा देखा परेको छ। मलाई आशा छ, यसै वर्ष आउने पूर्ण बजेटमा मध्यवर्ती क्षेत्रको बजेट निकासा गर्न पहल गरिने छ। साथै आगामी वर्षको कार्यक्रममा मध्यवर्ती कार्यक्रमलाई प्राथमिकताका साथ योजना तर्जूमा र बजेट विनियोजन गर्नको लागि मन्त्रालय र विभागले समयमै पहल गर्नु जरुरी छ।

पछिल्ला दिनमा मानव र वन्यजन्तु बीचको द्वन्द्व जैविक विविधता व्यवस्थापनको एउटा महत्वपूर्ण चुनौतिको रुपमा देखा परेको छ। वन्यजन्तुबाट हुने क्षतिलाई कसरी न्यूनीकरण गर्न सकिन्छ, यसमा सबैको ध्यान जानु जरुरी छ। यस वार्डेन सम्मेलन र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको बैठकले यसमा गहन छलफल गर्नेछ। यसका लागि आवश्यक नीतिगत र संरचनागत सुधार गर्नुपर्ने भएमा विभाग मार्फत मन्त्रालयलाई सुझाव दिनका लागि म अनुरोध गर्दछु।

जैविक विविधता व्यवस्थापनमा वन्यजन्तुको चोरी शिकार र वन्यजन्तुका अंगहरुको अवैध व्यापार अर्को ठुलो चुनौतिको रुपमा रहेको छ। यसै तथ्यलाई मनन् गरी विभिन्न तहमा वन्यजन्तु अपराध नियन्त्रण इकाईहरु गठन भई काम हुँदै आएको देखिन्छ। तथापि वन्यजन्तुहरुको अवैध व्यापार एउटा प्रजाति र एउटा देशमा मात्र सिमित नभई अन्तर्राष्ट्रिय स्तरमै फैलिएकोले छिमेकी राष्ट्रहरुसंग समेत मिलेर यसको नियन्त्रण हुन जरुरी छ। यसका लागि SAWEN (South Asia Wildlife Enforcement Network) लाई सदुपयोग गर्नुपर्ने हुन्छ । SAWEN को सचिवालय नेपालमै स्थापना भएबाट अन्तर्राष्ट्रिय सम्बन्ध सुधारमा समेत टेवा पुग्ने देखिन्छ ।

यस सम्मेलनमा केन्द्र र फिल्डमा काम गर्ने कर्मचारी साथीहरु सहभागी हुनुभएको हुँदा छलफलको दौरानमा निम्न बुँदाहरुमा ध्यान दिन सकियो भने आगामी दिनमा यस सम्मेलनको मुख्य नारा **जैविक विविधता संरक्षणमा द्वन्द्व व्यवस्थापन : भविष्यको मार्गदर्शन** लाई सफल पार्न सहयोग पुग्नेछ ।

- पुराना र जिर्ण भौतिक पूर्वाधार मर्मत र नयाँ निर्माणका बारेमा योजना तर्जूमा ।
- पुराना ऐन नियमहरुमा संशोधन र समेट्नु पर्ने विषयहरुको बारेमा सुझाव ।
- चोरी शिकार र वन्यजन्तुको अवैध व्यापार नियन्त्रणमा अन्तर-निकाय र अन्तर-देशीय निकाय बीच समन्वय ।
- आखेटोपहारको उचीत व्यवस्थापन ।
- थप संरक्षित क्षेत्रको स्थापना ।

- वातावरणीय सेवाको भुक्तानी (Payment for Environmental Services-PES) सम्बन्धमा ।
- वन्यजन्तुहरुको निजी र व्यवसायिक पालनको सम्बन्धमा ।
- पर्या-पर्यटनको सम्बन्धमा ।
- वन्यजन्तुहरुको अध्ययन, अनुसन्धान र अनुगमन सम्बन्धमा ।

अन्त्यमा यस वार्डेन सेमिनार र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको बैठक सफलतापूर्वक सम्पन्न होस् भन्ने शुभकामना दिन चाहन्छु ।

**धन्यवाद ज्ञापन :**

**श्री गोपाल प्रकाश भट्टराई, प्रमुख संरक्षण अधिकृत, शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज, पानी मुहान, काठमाण्डौं**

२९ औं वार्डेन सेमिनार तथा ११ औं मध्यवर्ती क्षेत्र बैठक उद्घाटन कार्यक्रमका प्रमुख अतिथि, अतिथि, वार्डेन सेमिनार तथा मध्यवर्ती क्षेत्र बैठक कार्यक्रमका सहभागीहरु र अन्य उपस्थित महानुभावहरुमा कार्यक्रमको शोभा बढाइदिनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै श्री भट्टराईले काठमाण्डौं उपत्यका नजिक रहेको सुन्दर पर्वतीय भूधरातलमा अवस्थित यस शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, पानी मुहान, बुढानिलकण्ठमा आयोजित कार्यक्रमको पूर्ण आनन्द लिई सक्रियतापूर्वक कार्यक्रमको सफलताको लागि सहभागी हुन सबैमा हार्दिक अनुरोध समेत गर्नुभयो ।

**समापन मन्तव्य :**

**श्री हरिहर सिग्देल, सह-सचिव, वन तथा भू-संरक्षण मन्त्रालय**

कार्यक्रमको समापन गर्दै सभाध्यक्ष श्री सिग्देलले मा.मन्त्रीज्यूबाट प्राप्त मार्ग निर्देशन सम्बन्धमा गहन छलफल गर्न सुझाव दिंदै वन क्षेत्र प्राथमिकतामा नपरेको तितो सत्यलाई मध्यनजर राखी उपलब्ध सिमित श्रोत र साधनको अधिकतम उपयोग गर्दै संबृद्धिका लागि वनमा आधारित कार्यक्रमहरु ल्याउने, न्यून श्रोतको परिमाणमा बृद्धि गर्न तथ्यगत कार्यक्रम अगाडि सार्न सुझाव दिनुभयो । यसका साथ साथै जैविक विविधता संरक्षण र संबृद्धिका कार्यक्रम संगसंगै लैजानु पर्ने कुरामा समेत जोड दिनुभयो ।

# “जैविक विविधता संरक्षणमा द्वन्द्व व्यवस्थापन : भविष्यको मार्गदर्शन”

## प्राविधिक सत्र

**पहिलो दिन**

**सत्राध्यक्ष- श्री मेघ बहादुर पाण्डे, महा-निर्देशक, रा.नि. तथा व.ज.सं. विभाग**

**प्रस्तुतीकरणः**

**२८ औं वार्डेन सेमिनारबाट पारित संकल्प प्रस्तावहरु र तिनको प्रगति अवस्थाः**

**श्री वर्ण वहादुर थापा, उप-सचिव (प्रा.)**

| क्र.सं. | संकल्प प्रस्ताव | कार्यान्वयन गर्न पहल गर्ने निकाय | प्रगति |
|---|---|---|---|
| १. | मानव र वन्यजन्तु द्वन्द्वका कारण पहिचान गरी समाधानको रणनैतिक योजना तयार हुनुपर्ने । | विभागका सम्वन्धित शाखा | योजना/व्यवस्थापन शाखाबाट अध्ययन कार्य भईरहेको । |
| २ | विभागको नयां सांगठनिक संरचना अविलम्ब तयार हुनुपर्ने र नयां स्थापना भएका संरक्षित क्षेत्र, विस्तारित क्षेत्र तथा मध्यवर्ती क्षेत्रका लागि नयाँ दरवन्दी थप गर्नुपर्ने । नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि संझौता कार्यान्वयन सम्बन्धी हेर्ने छुट्टै शाखा र आवश्यक कर्मचारीहरुको व्यवस्था हुनुपर्ने । | ,, | संगठन विस्तारको संरचना तयार भई मन्त्रालयमा छलफल भइरहेको । |
| ३ | हात्तीसारको समय सापेक्ष व्यवस्थापन तथा संस्थागत विकासका लागि हात्तीसार नियमावली तयार गर्नुपर्ने । | ,, | हात्तीसार नियमावली संशोधनको लागि छलफल भै खेस्रा तयार भएको । |
| ४ | निकुञ्ज/आरक्ष तथा संरक्षण क्षेत्रमा निर्माण हुने भौतिक संरचनाहरु भौगोलिक क्षेत्रअनुसार निश्चित मापदण्ड अनुसारको लागत अनुमान तथा नक्सा डिजाइन तयार गरि सो अनुसार आवश्यक बजेटको व्यवस्था हुनुपर्ने । | ,, | योजना शाखाबाट तराई र पहाडको संरक्षण क्षेत्रमा निर्माण गरिने भवनको नर्मस डिजाइन तयार भएको । |
| ५ | देशमा बदलिदो परिवेश अनुसार संरक्षित क्षेत्रमा काम गर्ने सबै तहका कर्मचारीहरुलाई क्षमता विकास तथा पूनर्ताजगी तालीमहरुको (अर्धन्यायिक न्याय सम्पादन, द्वन्द्व व्यवस्थापन, Team building आदि) व्यवस्था यथाशीघ्र हुनुपर्ने । | ,, | प्रमुख संरक्षण अधिकृतहरुको ३-महीने अर्ध-न्यायिक तालीम (०६९ आश्विन-पौष), विभागका कर्मचारी तथा वार्डेनहरु समेतको Team building तालीम (२०६९ फाल्गुण, अधिकृत तथा रेन्जर स्तरको तालीम (२०६९ आश्विन) संचालन भएको । |
| ६ | वन्यजन्तुको बढ्दो चोरीशिकार र अवैध व्यापार नियन्त्रणको लागि रा.नि. तथा व.सं. विभागमा छुट्टै शाखाको स्थापना र आवश्यक श्रोत र साधनको व्यवस्था हुनुपर्ने । | ,, | हालको संगठन विस्तारको संरचनामा चोरीशिकार र अवैध व्यापार नियन्त्रणको लागि हाल भै रहेको साइटिस (CITES) यूनिटलाई विस्तार गर्न प्रस्ताव भएको । |
| ७ | रा.नि. तथा व.सं. विभाग र अन्तर्गतका कार्यालयहरुमा संचालन हुने कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्न छुट्टै शाखा र कर्मचारीको व्यवस्था हुनुपर्ने । | ,, | मौजुदा संगठन विस्तारको संरचनामा अनुगमन तथा मूल्याङ्कन शाखाको व्यवस्थापन गर्न प्रस्ताव गरिएको छ । |

## १०औं मध्यवर्ती क्षेत्र बैठकका संकल्प प्रस्तावहरु र तिनको प्रगति

**श्री लव विष्ट, संयोजक, म.क्षे.व्य. समिति सञ्जाल**

| क्र.सं. | संकल्प प्रस्ताव | कार्यान्वयन गर्ने पहल गर्ने निकाय | प्रगति |
|---|---|---|---|
| १ | मध्यवर्ती क्षेत्रलाई प्राप्त हुने बजेट समयमा नै निकाशा हुनुपर्ने । | विभाग/सम्बन्धित संरक्षित क्षेत्र/म.क्षे.व्य. समिति | निकाशाको लागि पहल भइरहेको । |
| २ | रा.नि.तथा व.सं. विभागमा मध्यवर्ती क्षेत्र महाशाखाको स्थापना हुनुपर्ने । | विभाग /सम्बन्धित संरक्षित क्षेत्र/ म.क्षे.व्य.समिति | संगठनात्मक व्यवस्थापन तयार गरि प्रस्ताव गरिएको । |
| ३ | मध्यवर्ती क्षेत्र सञ्जाल मञ्चको कानूनी हैसियतका साथै कार्यालय व्यवस्थित हुनु पर्ने तथा क्षमता अभिबृद्धिका लागि आवश्यक कार्यक्रमहरुको तर्जुमा हुनुपर्ने । | विभाग / सम्वन्धित संरक्षित क्षेत्र/ म.क्षे.व्य.समिति | पहल भइरहेको । |
| ४ | वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण प्रक्रिया सरलीकृत तथा राहत रकममा समयानुकुल वृद्धि हुनुपर्ने । | मन्त्रालय/विभाग | भएको । |
| ५ | आयश्रोत कम भएका संरक्षित क्षेत्रहरु अन्तर्गतका मध्यवर्ती क्षेत्रका जनताहरुको जीवनस्तरमा टेवा पुग्ने कार्यक्रमहरु सञ्चालन हुनुपर्ने । | विभाग /सम्वन्धित संरक्षित क्षेत्र/ म.क्षे.व्य.समिति | कार्यक्रमहरु सञ्चालन भइरहेको । |
| ६ | मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुलाई विभागबाट परिचय-पत्र प्रदान गर्नुपर्ने । | विभाग/सम्वन्धित संरक्षित क्षेत्र/ म.क्षे.व्य.समिति | कार्य शुरु भएको । |
| ७ | संरक्षित क्षेत्रभित्र संचालन हुने कार्यक्रमहरु मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिसंग समन्वय गरी सञ्चालन हुनुपर्ने । | सम्वन्धित संरक्षित क्षेत्र/ म.क्षे.व्य.समिति | सरोकारवालाहरुसंग समन्वय भइरहेको । |
| ८ | कार्यान्वयन हुन बाँकी रहेका विगत बैठकका निर्णयहरु यथाशीघ्र कार्यान्वयन हुनुपर्ने । | विभाग/ सम्वन्धित संरक्षित क्षेत्र/ म.क्षे.व्य.समिति | पहल भइरहेको । |
| ९ | संरक्षित क्षेत्रमा संचालन हुने विभिन्न कार्यक्रमहरुको केन्द्रिस्तरबाट नियमित संयुक्त अनुगमन हुनुपर्ने । | मन्त्रालय/विभाग | भइरहेको । |
| १० | मध्यवर्ती क्षेत्र अन्तर्गतका सार्वजनिक जग्गा एवं वन क्षेत्रहरुमा मुक्त कमैया, सुकुम्वासी, बाढी पीडित आदिका नाममा बसोबास एवं पुर्नवासको लागि जग्गा उपलव्ध नगराउन सम्वन्धित निकायलाई अनुरोध गर्ने । | विभाग, सम्वन्धित संरक्षित क्षेत्र/म.क्षे.व्य.समिति | पहल भइरहेको । |
| ११ | मध्यवर्ती क्षेत्रमा रहेका सामुदायिक वनहरुको व्यवस्थापन (संरक्षण सम्वर्द्धन एवं सदुपयोग) को लागि मध्यवर्ती सामुदायिक वन व्यवस्थापन निर्देशिका तयार गर्नुपर्ने । | विभाग, सम्वन्धित संरक्षित क्षेत्र/ म.क्षे.व्य.समिति | खेस्रा तयार भई छलफलको क्रममा रहेको । |

**छलफलमा उठेका सवाल र सुझावहरु :**

- ठोस प्रगति हुन नसकेको तर निरन्तरको पहल, प्रयास र छलफल जारी रहेको ।
- वन्यजन्तुबाट हुने क्षतिको राहत निर्देशिकाको संशोधन हुनु सवभन्दा ठूलो उपलब्धी भएको ।
- मध्यवर्ती क्षेत्रको वजेट निकाशा हुन नसक्दा निस्कृयता बढेको ।
- वन तथा भू-संरक्षण मन्त्रालयमा मध्यवर्ती क्षेत्र विकास कोषको व्यवस्था हुनुपर्ने ।
- अन्तर-मन्त्रालय समन्वयाभावका कारण मध्यवर्ती क्षेत्रको वजेट निकासामा समस्या उत्पन्न भएको ।
- अतिकमण हटाउने कार्यमा उपभोक्ता समूह/समितिले देखाएको सक्रियता सह्रानीय भएको, जस्तै : बाँके राष्ट्रिय निकुञ्ज ।
- नयाँ खुलेका संरक्षित क्षेत्रहरुमा कर्मचारी दरबन्दी छिटो स्विकृत हुनुपर्ने ।
- जिल्ला विकास समिति र संरक्षित क्षेत्र बिचको कानूनी विवाद हटाउनुपर्ने ।
- संरक्षित क्षेत्रहरुको व्यवस्थापन सम्बन्धमा वार्डेनहरु बिच छलफल र सम्वाद हुनु जरुरी भएको ।
- निकुञ्ज/आरक्ष र मध्यवर्ती क्षेत्र एक अर्काका परिपूरक हुन् । मध्यवर्ती क्षेत्र र यसका कार्यक्रमहरुको व्याख्या राजनीतिक रुपले गर्न नहुने ।
- १४ वर्षदेखि तयार भएको CITES Bill पास नभएकोले यसको कार्यान्वयन र व्यवहारिकतामा कठिनाई भएको ।

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको सांगठनिक संरचनामा संशोधन प्रस्ताव

**श्री हरि नारायण बेलवासे, शाखा अधिकृत, रा.नि. तथा व.ज.सं. विभाग**

**प्रस्तुतीकरणको सारः**

**कार्यक्रमहरुको विश्लेषणः**

- विकास खर्च र प्रशासनिक खर्च बढ्दै गएको
- वार्षिक बजेट तथा कार्यक्रम क्रमश बढ्दै गएको
- दातृ निकायहरुको सहयोगमा संचालित विभिन्न आयोजना तथा वन्यजन्तु संरक्षण क्षेत्रमा संलग्न गैससहरुसंगको समन्वय आवश्यक भएको
- कर्मचारीहरुको कार्यक्षेत्र तथा कार्यबोझमा बिस्तार भएको
- मध्यवर्ती क्षेत्रको व्यवस्थापन
- अन्तराष्ट्रिय सन्धी महासन्धीहरुको समन्वय र रिर्पोटिङ
- चोरी शिकार र अवैध व्यापारमा वृद्धि
- पर्यापर्यटन, राजस्व संकलन आदि कार्यक्षेत्रहरु विस्तार भएको
- १२६३८ व.कि.मि. कार्य क्षेत्र हुंदा लागू भएको संगठन संरचनामा थप २१,५५० व.कि.मी. समेत गरी ३४,१८६.६२ जिम्मेवारी वहन गर्नु पर्ने वाध्यता रहेको ।

**संरक्षित क्षेत्र घोषणासंगै सृजना भएका दरवन्दीहरुः**

**नयाँ घोषणा भएका संरक्षित क्षेत्र** : बाँके राष्ट्रिय निकुञ्ज, अपिनाम्पा र कृष्णसार संरक्षण क्षेत्रहरु

**मध्यवर्ती क्षेत्र घोषणा भएका क्षेत्र** : १२ संरक्षित क्षेत्रका ५,४२४ व.कि.मि. (राजश्व संकलनमा आएको बृद्धिले कार्यभार थपिएको)

**नयां सृजना भएका संरचनाहरु :**

- राष्ट्रिय बाघ संरक्षण समिति
- वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति
- SAWEN सचिवालय

**विस्तार भएका संरक्षित क्षेत्रहरु :** शुक्लाफांटा वन्यजन्तु आरक्ष र बर्दिया राष्ट्रिय निकुञ्ज

**अन्य थप कार्यभार :**

- अन्तराष्ट्रिय सन्धि महासन्धिहरुको समन्वय र रिर्पोटिङ
- चोरी शिकार नियन्त्रण र अवैध व्यापारमा थपिएका चुनौतिहरु
- सेवाग्राहीको संख्यामा बृद्धि र सेवा तथा सो को प्रवाहमा गुणस्तरीयता प्रति सेवाग्राहीको अपेक्षा संबोधन

**रा.नि. तथा व.ज. सं. विभाग र अन्तर्गतका कार्यालयहरुको मौजुदा तथा प्रस्तावित दरवन्दी तालीका सारांश**

| | मौजुदा दरवन्दी | | | प्रस्तावित दरवन्दी | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | प्रशासन | प्राविधिक | जम्मा | प्रशासन | प्राविधिक | जम्मा | थप (+ ), घट (-) |
| **जम्मा पद संख्या** | ११७ | ८८० | ९९७ | १६३ | १६०७ | १७७१ | ७७४ |

- प्रस्तावित दरवन्दीको तलव महलमा हालको ग्रेड सहित र प्रस्तावित दरवन्दीको शुरु तलव स्केलले हुने कुल रकमको तुलनात्मक विवरण अनुसार थप व्ययभार रु १८,९९,७७,००० हुने देखिन्छ । जस अनुसार प्रस्तावित दरवन्दीबाट ६५.९३% रकम बृद्धि हुने ।
- विभागका कर्मचारीहरुले खाद्यान्न सुविधा नपाउने हुंदा उक्त दरबन्दी वाहेकको औषत कुल रकम उल्लेख गरीएको ।

**छलफलमा उठेका सवाल र सुझावहरु :**

- वि.सं. २०५० मा लागू भएको दरवन्दी हालसम्म कायमै रहेकोले समयोचित हुन नसकेकोले मौजुदा दरवन्दीमा ७७४ जना थप गरी प्रस्ताव गरिएको ।
- प्रशासनिक शब्दावलीमा एकरुपता हुनुपर्ने । सेक्टरको सट्टा ईलाका कार्यालय भन्ने शब्द राख्ने ।
- हरेक कार्यालयमा शाखा र फाँटहरु पनि समानता हुनुपर्ने ।
- सबै निकायहरुसंग तालमेल खानेगरी Portfolio मिलाउनुपर्ने ।
- हात्तीसार सेवाको पदपूर्ति सम्बन्धी छुट्टै व्यवस्था गर्नुपर्ने ।

**प्रस्तुतीकरणको पूर्ण पाठ अनुसूची १.१ मा दिइएको छ ।**

**सत्राध्यक्षको अभिव्यक्तिः** Resolution मा संख्यात्मक भन्दा गुणात्मक र Measurable, Achievable कुराहरु समेट्ने गरी छलफललाई केन्द्रित गरी सञ्चालन गर्न निर्देशन दिनुभयो ।

## दोश्रो दिन :

**सत्राध्यक्ष-श्री लव विष्ट, संयोजक, म.क्षे.व्य.समिति वैठक**

**प्रस्तुतीकरणः**

**Discussion on Guideline of Wildlife Damage Relief Fund 2069**
**Dr. Maheshwar Dhakal**

**प्रस्तुतीकरणको सार तथा छलफलमा उठेका सवाल र सुझावहरु :**

- स्वीकृत निर्देशिकाको सर्वप्रथम तत्काल प्रभावकारीरुपले कार्यान्वयनमा ल्याउने र व्यवहारिक अनुभवको आधारमा संशोधनको लागि आगामी वर्ष छलफलमा ल्याउने ।
- वालीनालीको क्षतिपूर्तिको समेत व्यापक आवाज उठेको हुँदा आगामी दिनमा सो प्रावधान राख्न पहल गर्नुपर्ने । अन्नबालीको क्षति मुल्यांकन गर्दा प्रति इकाई क्षेत्रफलको आधारमा गर्नुपर्ने ।
- बाँदर, रतुवा मृग, झारलबाट हुने क्षतिको समेत राहत उपलब्ध गर्ने व्यवस्था गर्नुपर्ने ।
- वन तथा भू-संरक्षण मन्त्रालयले स्थानीय निकायमार्फत राहत उपलब्ध गराउने रणनीति लिने ।
- जग्गाधनी पूर्जाको आवश्यकता सम्बन्धमा प्रष्टता र एकरुपता हुनुपर्ने ।

**Envision of the BZ Program, Policy Implication, Lessons Learnt and Prospects for the Future Directions**
**Mr. Ram C. Kandel and Mr. Bed K. Dhakal**

**प्रस्तुतीकरणको सारः**

- नेपालमा जैविक विविधता संरक्षणको चरणबद्ध पहलसंगै मध्यवर्ती क्षेत्र कार्यक्रम सम्बन्धी अवधारणाको विकास भएको हो ।
- संरक्षणको प्रारम्भ पञ्चायती शासनकालबाट भएको हो र त्यतिबेलाका प्रयासहरु कोशेढुंगाको रुपमा स्थापित भएका छन् ।
- त्यस समयमा नयाँ संरक्षित क्षेत्रहरुको क्रमिकरुपमा स्थापना, ऐन कानूनहरुको निर्माण गर्नुका साथै ती क्षेत्रहरुको कडाईपूर्वक संरक्षण र व्यवस्थापनको काममा जोड दिइएको थियो ।
- खुला राजनीतिक परिवेशसंगै जनसहभागितात्मक अवधारणाको विकास भयो र संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापनमा स्थानीय जनताको सहभागितामा संरक्षण र व्यवस्थापन गर्ने अभ्यासको थालनी गरियो ।
- पछिल्ला दिनहरुमा वन्यजन्तु र तिनका वासस्थानलाई वृहत्तररुपमा भू-परिधीय व्यवस्थापनको लक्षमा स्थानीय समुदाय र बहुपक्षीय सरोकारको विषय बनाई संरक्षणको अभ्यासलाई अंगिकार गरिएको छ ।
- मध्यवर्ती क्षेत्र कार्यक्रमले यसको मुलभूत अवधारणा अनुरुप प्रभावकारिता हासिल गर्न नसकेको परिस्थितीमा कमी कमजोरी र त्यसका जड कारणहरुमा दृष्टिगोचर गरी सुधार गर्नुपर्ने महशुस गरिएको छ ।
- मध्यवर्ती क्षेत्र कार्यक्रमको सञ्चालनको क्रममा सगरमाथामा गरिएको सानो अध्ययनबाट जनसहभागिता, पारदर्शिता र जवाफदेहिताको समग्र अवस्था कमजोर रहेको देखिएको छ । जसमा जनसहभागिताको स्थिती हुनुपर्ने भन्दा कम रहेको, पारदर्शिताको अवस्था हेर्दा आय र व्यय विवरणको सवालमा कमी देखिने गरेको, र जवाफदेहितामा खासगरी समूह र समितिको जवाफदेहिता कमजोर रहेको देखिएको छ ।

➢ मध्यवर्ती क्षेत्र कार्यक्रमको परिकल्पना कस्तो पृष्ठभूमिमा के उद्देश्य राखेर गरिएको थियो, हालका दिनमा यसको कार्यान्वयन कसरी भैरहेको छ, कार्यान्वयनको अनुभव र उपलब्धी कुन दिशामा गैरहेको छ, आदि सवालहरु आजका लागि छलफलका गहन विषय हुन् । भविष्यको दिशा सही ढंगबाट बढाउन यी विविध पक्षमा विचार विमर्श गर्नु अत्यावश्यक छ ।

**जनसहभागिता, पारदर्शिता र जवाफदेहितामा गर्नुपर्ने सुधारका लागि सुझावहरुः**

**फिल्डस्तरः**

- व्यवस्थापन समिति, उपभोक्ता समूह/समितिलाई आफ्नो जिम्मेवारी तथा भूमिकाबारे जवाफदेही बनाउनु पर्ने ।
- लेखापरीक्षण (म. ले. प. तथा सामाजिक लेखा परीक्षण) लाई प्रभावकारी बनाउने ।
- कार्यक्रमको अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउनु पर्ने ।
    - कार्यक्रम संचालनका बेलामा गरिने अनुगमन ।
    - कार्यक्रम समाप्त भएपछि गरिने प्रभाव अनुगमन ।

**केन्द्रीय स्तरः**

- कार्यक्रम तथा बजेटको स्वीकृत एवं निकाशा समयमा हुनुपर्ने ।
- रिक्त दरबन्दीमा तत्काल पदपूर्ति हुनुपर्ने तथा दीर्घकालिन रुपमा थप दरबन्दीको व्यवस्था मिलाउने ।
- एकरुपताका लागि केन्द्रबाटै सबै क्षेत्रको नियमित अनुगमन र प्रभाव मुल्यांकन गर्ने व्यवस्था मिलाउनुपर्ने ।

**छलफलमा उठेका सवाल र सुझावहरु :**

- समूह, समिति र व्यवस्थापन समितिहरुलाई आ-आफ्नो काम, कर्तव्य र अधिकार बारे जानकार र जवाफदेही गराउनु पर्ने ।
- अनुगमनको कार्यलाई उपयुक्त समयमा कम्तीमा २ पटक सञ्चालन गर्ने कार्य लागू गर्नुपर्ने ।
- कर्मचारीले मध्यवर्ती क्षेत्रमा समय दिन नसक्दा पनि समस्या उत्पन्न भएको ।
- Accountability र Participation का Parameters लाई फरक फरक राखेर पनि अध्ययन गर्न सकिने ।
- कर्मचारीको विदा र वृत्ति विकासको निश्चित मापदण्ड बनाई लागू गर्नुपर्ने ।
- अन्य संरक्षित क्षेत्रहरुमा पनि यस प्रकारको अध्ययन गरी प्रभाव मुल्यांकन गर्दा समग्र प्रभावको लेखाजोखा गर्न सजिलो हुने ।

**प्रस्तुतीकरणको पूर्ण पाठ अनुसूची १.२ मा दिइएको छ ।**

**International Treaties including CITES CoP-16, SAWEN and Projects**
**Dr. Maheshwar Dhakal**

**प्रस्तुतीकरणको सारः**

➢ विभिन्न अन्तर्राष्ट्रिय सन्धि/महासन्धिहरुमा नेपालले पक्ष राष्ट्रको हैसियतले विभिन्न वैठक र समारोहहरुमा नियमित रुपमा भाग लिई आएको छ ।

➢ पछिल्ला दिनहरुमा जैविक विविधता संरक्षण र वन्यजन्तु अपराध तथा चोरी निकासी नियन्त्रणमा उल्लेख्य उपलब्धी हासिल गरिएको छ ।

- ➢ कार्य सम्पादनका क्रममा विभिन्न समस्याहरु सामना गर्नु परेको कठिनाईहरु छन्, जस्तै : परीक्षण गर्ने ल्याबको अभावले वन्यजन्तु र तिनका अङ्गहरु पहिचान गर्न नसकिनु, व्यवस्थित अभिलेखीकरणको अभाव हुनु, अन्तर-सीमा समन्वयमा कमी, आदि कारणहरुले गर्दा प्रभावकारिता हुन सकेको छैन ।
- ➢ Cites COP-16 का Side Event मा नेपालको तर्फबाट आफ्नो छुट्टै Identity व्यक्त गरिएको र लिखित रुपमा पनि Documentation गरिएको ।

**छलफलमा उठेका सवाल र सुझावहरु :**

- सम्मेलन वा बैठकमा जानु अघि आन्तरिक तयारी गर्नुपर्ने ।

**प्रस्तुतीकरणको पूर्ण पाठ अनुसूचि १.३ मा दिइएको छ ।**

**Projects (Regional IDA/IDF/Hariyo Ban Program)**
**Mr. Ratna Timilsina**

**प्रस्तुतीकरणको सारः**

**Project Details**

- Executing Agency: Ministry of Forests and Soil Conservation (MoFSC)
- Implementing Agency: Department of National Parks and Wildlife Conservation (DNPWC) and Department of Forests (DoF)
- Project Coordination Unit: National Trust for Nature Conservation
- Project period: July 16, 2011 to July 15, 2016 (Five Years)
- Total Budget: US $ 3 Million

**छलफलमा उठेका सवाल र सुझावहरु :**

- ➢ आयोजनाहरुद्वारा प्रस्तावित र सञ्चालित कार्यक्रमहरु नेपाल सरकारद्वारा सञ्चालनमा रहेका कार्यक्रमहरुसंग दोहोरिन सक्ने खतरा प्रति सजग रहनु पर्ने । त्यसको लागि उपयुक्त समन्वय चाहिने ।
- ➢ व्यवस्थापन योजनाको अवधि कटेका संरक्षित क्षेत्रको योजना संशोधनको कार्य यथासिघ्र शुरु गर्नुपर्ने ।

**प्रस्तुतीकरणको पूर्ण पाठ अनुसूचि १.४ मा दिईएको छ ।**

**Protected Area Management from the Cultural and Religious Perspectives**
**Dr. Tirtha Bahadur Shrestha**

**प्रस्तुतीकरणको सार तथा छलफलमा उठेका सवाल :**

- ➢ प्रजातिहरुको नामाकरण स्थानीय बिशेष हुने गरेको र सो नामको पौराणिक र औषधीयक महत्व हुन्छ ।
- ➢ हरेक वनस्पतिको संरक्षणमा धार्मिक-साँस्कृतिक सम्बन्ध हुन्छ ।
- ➢ वन्यजन्तु र वनस्पतिको नाम लिंदा अंग्रेजी र वैज्ञानिक दुवै नामको प्रयोग गर्नुपर्छ ।

- Diversity लाई Species diversity र Terrain diversity को रुपमा बुझ्नुपर्छ । विविधता हुनु जति महत्व छ, तिनको पहचान गर्नु त्यति नै आवश्यक छ ।
- Human capital लाई Park Management मा capitalize गर्न सक्नुपर्छ ।
- Respect Bidiversity as well as Religious and Cultural Values at the same time.
- Indigenesous/Traditional knowledge को बृहत्तर महत्व भएकोले तिनको लोप हुनबाट जोगाउनु पर्छ । Traditional knowledge and beliefs are the most important parts of conservation.
- Local knowledge थाहा पाउनको लागि local language बुझ्नु पर्छ । अन्तर्राष्ट्रिय सञ्चारको लागि वैज्ञानिक नाम चाहिए पनि संरक्षणमा स्थानीयलाई समेट्न स्थानीय भाषाको महत्व हुन्छ । Local language बाट त्यसको महत्व र पहिचान थाहा पाउन सकिन्छ ।
- संरक्षित क्षेत्र भित्र Religios, Cultuaral र Medicianl Value भएका plants/Species हरु कति छन्, तिनको पहिचान गरी Listing गर्नु आवश्यक छ । Species Identification and its use is more important than its existence.
- Wildlife Manager ले मानवीय भन्दा Wildlife को दृष्टिकोणबाट हेर्नुपर्छ । Wardens should know the flagship species of their areas.

**सत्राध्यक्षको अभिव्यक्तिः** वन्यजन्तुबाट हुने क्षतिको राहत निर्देशिकाको संशोधनले मध्यवर्ती क्षेत्रका जनतामा उत्साह र भरोसा बढेको छ । मध्यवर्ती क्षेत्रको कार्यक्रम बजेट विगत केही वर्षदेखि निकाशा हुन नसक्दा अन्योल बढेको छ ।

**सत्राध्यक्ष-श्री टिकाराम अधिकारी, उप-महानिर्देशक, रा.नि.तथा व.ज.सं.विभाग**

**प्रस्तुतीकरण :**

**Strengthening Capacity of DNPWC for Effective Management of Mountain Protected Areas (KNP, RNP, SNNP, SNP, MBNP and LNP)**
**Mr. Ukesh Raj Bhuju and Team, DMI**

**प्रस्तुतीकरणको सार तथा छलफलमा उठेका सवाल र सुझावहरु :**

- DNPWC र अन्तर्गतको संस्थागत र मानवीय क्षमता अभिबृद्धिका लागि लक्षित गरी यो आयोजना कार्यान्वयनमा आएको हो ।
- हाललाई पहाडी र हिमाली संरक्षित क्षेत्रहरुमा यो कार्यक्रम लागू गरिने कार्यक्रम रहेको छ ।
- तत्कालको लागि मकालु बरुण राष्ट्रिय निकुञ्जबाट Piloting गरिएको भएतापनि क्रमशः यसै सालबाट अरु निकुञ्ज, आरक्षहरुमा पनि शुरुवात गरिने छ ।

**प्रस्तुतीकरणको पूर्ण पाठ अनुसूचि १.५ मा दिईएको छ ।**

**Proposed Working Procedure of Tourism Services in PAs**
**Mr. Narayan Rupakheti and Mr. Ramesh Thapa**

**प्रस्तुतीकरणको सार :**

- संरक्षित क्षेत्रहरुमा पर्यटक सुविधालाई ध्यानमा राखी पर्यटक सेवा, सुविधाको स्तरलाई समयोचित, गुणस्तरीय र व्यवस्थित गर्दै लाने उद्देश्यले यो कार्यविधि प्रस्ताव गरिएको हो ।

- संरक्षित क्षेत्रहरु प्रसिद्ध पर्यटकिय गन्तव्य भएकोले त्यहाँ पर्यटन प्रवर्द्धन पनि गर्नु प्रमुख उद्देश्य हो ।
- तसर्थ, यस किसिमको व्यवस्थापनले राजस्व आम्दानी र अन्य आय आर्जनमा पनि मद्दत पुर्‍याउँदछ ।

**छलफलमा उठेका सवाल र सुझावहरु :**

- संरक्षण शुल्कको रकम राष्ट्रिय प्रकृति संरक्षण कोषको सट्टा सिधै मध्यवर्ती क्षेत्रको कोषमा जम्मा गर्ने व्यवस्था हुनुपर्ने ।
- मध्यवर्ती क्षेत्रमा जाने रकम राजस्वको मात्र नभएर संरक्षण शुल्कको पनि कम्तीमा ३० देखि ५० % हुनुपर्ने ।
- संरक्षित क्षेत्रभित्र कुनै पनि साँस्कृतिक कार्यकम हुन नहुने ।

**प्रस्तुतीकरणको पूर्ण पाठ अनुसूचि १.६ मा दिईएको छ ।**

**Coordination amongst the Law Enforcement Agencies for Illegal Wildlife Trade Inside/Outside PA**
**Mr. Kamal Jung Kunwar & Mr. Ritesh Bhusan Basnet**

**प्रस्तुतीकरणको सारः**

- नेपालमा वन्यजन्तु र वनस्पतिको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणका लागि सम्बद्ध निकायहरु बीचको समन्वयलाई नियमित र संस्थागत गर्दै लानु अत्यावश्यक भएको छ ।
- यस अभियानलाई सार्थक बनाउन वन्यजन्तु अपराध नियन्त्रण संरचनाको विकास गरिएको छ ।
- केन्द्रीयस्तर र जिल्लास्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईहरुको प्राथमिकतापूर्वक गठन गरी सञ्चालन नियमित गरिएको छ ।
- वन्यजन्तु अपराध नियन्त्रण इकाई गठन पछिका दिनमा उल्लेख्य उपलब्धीहरु हासिल भएका छन् ।
- २०६७ मंसिर ७ गतेको मन्त्रिपरिषदको बैठकको निर्णय अनुसार वन्यजन्तु अपराध नियन्त्रण संरचनाको गठन भएको हो । जस अनुसार निम्न बमोजिम संयन्त्रहरु गठन भएका छन् ।
  - राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति,
  - केन्द्रियस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाई र
  - जिल्लास्तरिय वन्यजन्तु अपराध नियन्त्रण इकाई

**प्रस्तुतीकरणको पूर्ण पाठ अनुसूचि १.७ मा दिइएको छ ।**

**सत्राध्यक्षको अभिव्यक्तिः** बदलिंदो परिस्थितिसंगै सिमित श्रोत र साधनका बावजुद संरक्षणमा संलग्न व्यक्ति, निकाय र अन्य सम्बद्ध सम्पूर्ण सरोकारवालाहरुको योगदान र उच्च मनोवल नै आजको उपलब्धीको द्योतक हो । आगामी दिन अझ चुनौती र अवसरले भरिएको छ । समर्पण, ईमान्दारिता, र कठोर संकल्पलाई आत्मसात गरी अघि बढ्नु नै हाम्रो सफलताका सहज मार्ग हुन् ।

## तेश्रो दिन :

**सत्राध्यक्ष-श्री टिकाराम अधिकारी, उप-महानिर्देशक, रा.नि.तथा व.ज.सं.विभाग**

**प्रस्तुतीकरण :**

**Human-Wildlife Conflict: Past Experience, Present Scenario, and Way Forward**
**Mr. Shyam Bajimaya**

**प्रस्तुतीकरणको सारः**

- द्वन्द्व व्यवस्थापन गर्न Human–Wildlife Conflict के कारणले भएको छ भन्ने Generic कारणहरु बुझ्नु र विश्लेषण गरी त्यसको निदानको उपाय खोज्नु जरुरी छ ।
- द्वन्द्व बृद्धिका श्रोतहरुबारे Social र Biological Meaning र कारणहरुको पहिचान गर्नु आवश्यक छ ।
- द्वन्द्व बृद्धिमा बढी प्रभाव पार्ने जनावरको किसिम र पूर्व घटनाहरुको अध्ययन गरी सोही अनुरुप द्वन्द न्यूनीकरणमा सघाउ पुर्‍याउने कार्यक्रममा केन्द्रित गर्नु उपयुक्त हुन्छ ।
- स्थानीय तहमा लोकप्रिय र ग्रहणीय तथा Biologically significant व्यवस्थापन विधिको प्रयोगद्वारा प्रभावकारिता ल्याउन सकिन्छ ।

**छलफलमा उठेका सवाल र सुझावहरु :**

- बाघको संख्या बढाई दुई गुणा पार्ने भन्ने विषय वासस्थानको उपलब्धतातर्फ विचार नगरी गर्न नहुने ।
- खेतवारीमा अखाद्य प्रजाति (Unpalatable species) promote गरेर मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने भन्ने विषय उपयुक्त हो कि होइन, यसलाई Biological Perspective बाट पनि हेरिनु पर्छ ।
- द्वन्द्व न्यूनीकरणका लागि जनचेतना जगाउने कार्यलाई व्यापक र निरन्तरता दिनुपर्ने ।

**प्रस्तुतीकरणको पूर्ण पाठ अनुसूचि १.८ मा दिईएको छ ।**

**Successful Experience of MIST/SMART Application in Bardiya National Park**

**Mr. Tika Ram Adhikari**

**प्रस्तुतीकरणको सार तथा छलफलमा उठेका सवाल र सुझावहरु :**

- Wildlife Management **मा** MIST/SMART Application सरल, उपयोगी र प्रभावकारी संयन्त्र हो ।
- यसले Planning, Decision-making र Evaluation गर्न अद्यावधिक र दुरुस्त सूचना प्रदान गर्दछ ।
- MIST/SMART लाई परम्परागत गस्ती प्रणालीको आधुनिक र सुधारिएको तरीकाको रुपमा लिन सकिन्छ ।
- यसको प्रयोग सफल सावित भएको छ । कार्य प्रकृति अनुसार संलग्न फारामहरुलाई परिमार्जन गरी उपयोगमा ल्याउन सकिन्छ ।

- MIST/SMART सम्बन्धमा राम्रो Data-Base Management को काम भएकोले यस्तो कामको सिकाईलाई अन्य संरक्षित क्षेत्रमा पनि लागू गर्नुपर्ने ।
- Equipments को अभावले गर्दा Patrolling गर्दा सम्पूर्ण विवरणहरु Record गर्न र MIST मा संयोजन गर्न कठिन परेकोले सम्पूर्ण पोष्टहरुलाई उपकरण उपलब्ध गराउनु पर्ने ।

**प्रस्तुतीकरणको पूर्ण पाठ अनुसूचि १.९ मा दिइएको छ ।**

**Human-Elephant Conflict: Lessons learnt and Measures for Resolution/Mitigation**
**Mr. Babu Ram Yadav**

- ➢ Six selected MPAs for assessment
    - Makalu-Barun National Park
    - Sagarmatha National Park
    - Shivapuri-Nagarjun National Park
    - Langtang National Park
    - Rara National Park
    - Khaptad National Park

- ➢ Pilot in Makalu-Barun National Park
- ➢ MIS installation in all selected MPAs
- ➢ Update Management Palns in selected five NPs

# अनुसूची १.६

## Proposed Working Procedure of Tourism Services in PAs

## संरक्षित क्षेत्रभित्र पर्यटकीय सेवा सञ्चालन, नियमन र व्यवस्थापन कार्यविधि, २०६९ (प्रस्तावित)

**१. प्रस्तावना :**

नेपाल प्राकृतिक सम्पदाको प्रचूरताले गर्दा स्वदेशी तथा विदेशी पर्यटकहरु संरक्षित क्षेत्रहरुमा अवलोकन भ्रमण गर्ने यथार्थतालाई मध्यनजर गर्दै, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ६ मा उल्लेख भएको सेवा संचालनको व्यवस्थालाई कार्यविधि तयार गरी लागू गर्न आवश्यक भएकोले स्वदेशी तथा विदेशी पर्यटकहरुलाई उपलब्ध गराउने पर्यटकीय सेवा एवं क्रियाकलापहरुको नियमन र व्यवस्थापन गर्न ऐनको दफा ६ को उपदफा १ बमोजिम वन तथा भू-संरक्षण मन्त्रालयबाट संरक्षित क्षेत्रभित्र पर्यटकीय सेवा सञ्चालन, नियमन र व्यवस्थापन कार्यविधि, २०६९ जारी गरिएको छ।

यो कार्यविधि कार्यान्वयनको लागि निम्न ऐन र नियमावलीहरु आकर्षित हुने छन् :

क. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
ख. वातावरण संरक्षण ऐन, २०५३
ग. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
घ. चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०
ङ वन्यजन्तु आरक्ष नियमावली, २०३४
च. हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६
छ. खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४
ज. वन नियमावली, २०५१
झ. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
ञ. बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३
ट. संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
ठ. वातावरण संरक्षण नियमावली, २०५४
ड. संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७
ढ. कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४

**२. परिभाषा :**

क. **"ऐन"** भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ।

ख. **"नियमावली"** भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन अन्तरगतका राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्रसंग सम्वन्धित नियमावलीहरुलाई सम्झनु पर्छ।

ग. **"कार्यविधि"** भन्नाले संरक्षित क्षेत्रभित्र पर्यटकीय सेवा सञ्चालन, नियमन र व्यवस्थापन कार्यविधि, २०६९ लाई संझनु पर्छ।

घ. **"मन्त्रालय"** भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्छ।

ङ. **"विभाग"** भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ।

**च. "सम्वन्धित कर्यालय"** भन्नाले राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष/शिकार आरक्ष/संरक्षण क्षेत्रको कार्यालय सम्झनु पर्छ।

छ. **"संरक्षित क्षेत्र"** भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम घोषणा भएका राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष/शिकार आरक्ष/संरक्षण क्षेत्र/मध्यवर्ती क्षेत्रलाई जनाउछ।

ज. **"पर्यटकीय सेवा"** भन्नाले पर्यटकहरुको लागि खान, बस्न, घुम्न र अवलोकन भ्रमण गर्नको लागि अत्यावश्यक चिया पसल,होटल/लज/रिसोंट, टेण्टेड क्याम्प र केवलकार तोकिएको स्थानमा निर्माण गरिएको संरचना र त्यस्तै प्रकृतिका अन्य सेवा दिने संरचना आदिलाई जनाउछ।

झ. **"पर्यटकीय क्रियाकलाप"** भन्नाले संरक्षित क्षेत्रभित्र फोटाग्राफी, पैदल भ्रमण, हात्तीमा विचरण, जिप यात्रा, डुङ्गा विहार, प्रकृति पथ प्रदर्शन, वन्यजन्तु र वनस्पति अवलोकन एवं दृश्यावलोकन आदिलाई जनाउंछ ।

**३. कार्यविधिको आवश्यकता :**

क. नेपालका विभिन्न भौगोलिक क्षेत्रका संरक्षित क्षेत्रहरुमा ऐन र नियमावली (अनुसूची-१) मा भएका व्यवस्था अनुरुप वातावरणमैत्री चिया पसल, होटल/लज/रिसोंट, टेण्टेड क्याम्प र केवलकार निर्माण एवं सञ्चालन गरी पर्यटकहरुलाई सुविधा उपलव्ध गराउन कानुन बमोजिम सेवा सञ्चालन, प्रवर्द्धन र व्यवस्थापन गर्न कानुन कार्यान्वयनमा सरलीकृत गर्ने ।

ख. संरक्षित क्षेत्रमा पर्यटकीय सेवा सञ्चालन गरेर पर्यटन प्रवर्द्धन एंव विकासको माध्मवाट स्थानीयस्तरमा रोजगारी सृजना गरी गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउने ।

**४. कार्यविधिको उद्देश्य :**

क. जैविक विविधता र प्राकृतिक वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी संरक्षित क्षेत्रहरुमा निजी, स्थानीय र सरकारी साझेदारीको माध्यमबाट वातावरणीय सन्तुलन कायम राखी वातावरणमैत्री चिया पसल, होटल/लज/रिसोंट, टेण्टेड क्याम्प र केवलकार निर्माण एवं सञ्चालनको व्यवस्थापन गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने ।

ख. जैविक विविधता संरक्षण समेतलाई दृष्टिगत गरी स्थायी प्रकृतिको संरचना नबनाई अस्थायी प्रकृतिका संरचना निर्माण गरी पर्यापर्यटन सेवा सञ्चालन गर्न टेण्टेड क्याम्पको अवधारणालाई प्रोत्साहन र प्रर्वद्धन गर्ने ।

ग. संरक्षित क्षेत्रभित्र संचालन गरिने चिया पसल, होटल/लज/रिसोंट, टेण्टेड क्याम्प र केवलकारको मापदण्ड र गुणस्तर कायम गरी कार्यान्वयनमा एकरुपता ल्याउने ।

**५. वर्तमान अवस्था :**

क. संरक्षित क्षेत्रमा पर्यटकहरुको लागि पैदल भ्रमण, हात्तीमा विचरण, जिप यात्रा, डुङ्गा विहार र पदमार्ग तोकिएको छ । तराई क्षेत्रमा दैनिक सञ्चालन गरिने पर्यटकीय क्रियाकलापको लागि प्रवेश समय (विहान सूर्योदयदेखि वेलुका सूर्यास्तसम्म) मा प्रवेश अनुमति लिने व्यवस्था छ। पहाडी र हिमाली संरक्षीत क्षेत्रमा पदयात्र गर्ने पर्यटकीय दृष्टिकोणले एक दिनमा ६ घण्टा सम्म हिड्ने दूरीको आधारमा क्याम्प साइटहरुको निर्माण गरिएको छ। ती क्याम्प साइटहरुमा न्यूनतम आधारभूत सेवा सुविधाको लागि चिया पसल, पानीको सुविधा, फोहोर व्यवस्थापन, टेण्ट लगाउने स्थान, सूचनापाटी, भरियाहरुको लागि आश्रयस्थलको व्यवस्था छ। तराईको संरक्षित क्षेत्रमा सूचनापाटी, विश्रामस्थल, मचान, फोहोर फाल्ने ठाउं आदिको निर्माण गरिएको छ।

ख. पहाडी र हिमाली क्षेत्रका संरक्षित क्षेत्रहरुमा पर्यटकीय स्थलहरुको आधारमा कुन कुन क्षेत्रमा कति दिनको पदयात्र सञ्चालन गर्न पर्यापर्यटनको लागि प्रयोग गर्न पद मार्गहरु तोकिएका छन् । तोकिएका पदमार्गहरु वाहेक संरक्षित क्षेत्रको संरक्षण तथा व्यवस्थापन प्रयोजनको लागि निर्माण गरिएका मार्गबाट पर्यटकको आवतजावत निषेध गरिएको छ ।

ग. तराईका संरक्षित क्षेत्रहरुमा पर्यटकहरुको लागि जंगल यात्रा, हात्तीमा विचरण, जीप यात्रा, डुङ्गा विहार आदि दैनिक सञ्चालन गरिने पर्यटकीय क्रियाकलापहरुको लागि तोकिएको प्रवेशद्धाराबाट प्रवेश अनुमति लिएर प्रकृति पथ प्रदर्शकको साथमा उक्त क्रियाकलापहरु हुने गरेका छन् । तोकिएको क्षेत्र र मार्गहरु बाहेक संरक्षित क्षेत्रको संरक्षण तथा व्यवस्थापन प्रयोजनको लागि निर्माण गरिएका मार्गबाट पर्यटकको आवतजावत निषेध गरिएको छ ।

घ. राजधानी काठमाडौं नजिक रहेको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज वा त्यसको मध्यवर्ती क्षेत्रमा वन्यजन्तु र प्राकृतिक वातावरणको अनुसन्धान, तालिम ,तथा संरक्षण शिक्षा सम्बन्धि जानकारीमुलक राष्ट्रिय स्तरको जैविक विविधता सूचना केन्द्र (सरोकारवालहरुसंगको सरकारी र निजी संघ संस्थाहरुको साझेदारीमा) स्थापना गरेर संरक्षण शिक्षा कार्यलाई प्रभावकारी वनाउनको साथ साथै पर्यटकिय सेवा र क्रियाकलापहरु संचालन गरर्न सकिनेछ ।

६ **पर्यटकीय सेवा संचालनका क्षेत्रहरु :**

सम्बन्धित संरक्षित क्षेत्रको व्यवस्थापन योजनाले निर्दिष्ट गरेका स्थानहरुमा पर्यटकीय सेवा संचालन गर्न सकिनेछ।

संरक्षित क्षेत्रको व्यवस्थापन योजना स्वीकृत एवं लागू नभएको अवस्थमा पहिलो पटकलाई पर्यटकीय सेवा संचालन गर्न सम्बन्धित कार्यालयको सिफारिस, विभागको सहमतिमा मन्त्रालयले पर्यटकीय सेवा संचालन गर्न अनुमति दिनेछ। सो सेवालाई पछि लागू हुने व्यवस्थापन योजामा समावेश गरेर कार्यान्वयन गर्नु पर्नेछ।

७. **पर्यटकीय सेवा र क्रियाकलाप संचालन गर्ने स्थानको वर्गीकरण :**

(क) तराईको राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्रभित्र अस्थायी प्रकृतिको संरचना निर्माण (Tented Camp) गरेर पर्यटकीय सेवा/क्रियाकलाप संचालन गरिनेछ।

(ख) पहाडी तथा हिमाली राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष/शिकार आरक्ष र संरक्षण क्षेत्र भित्र स्थायी प्रकृतिको संरचना निर्माण गरेर पर्यटकीय सेवा/क्रियाकलाप संचालन गर्न सकिनेछ।

(ग) निकुञ्ज र आरक्षको मध्यवर्ती क्षेत्रमा स्थायी संरचना/अस्थायी संरचना निर्माण गरेर पर्यटकीय सेवा/क्रियाकलाप संचालन गर्न सकिनेछ।

(घ) संरक्षित क्षेत्र बाहिर स्थायी संरचना निर्माण गरेर, संरक्षित क्षेत्र भित्र पर्यटकीय क्रियाकलाप संचालन गर्न सकिनेछ।

८. **पर्यटकीय सेवा संचालनका प्रक्रियाहरु** :

अ. (क) संरक्षित क्षेत्रहरुमा पर्यटकीय सेवा संचालन गराउनको लागि विभागले त्यस्तो सेवा वा सुविधा सम्बन्धी आवश्यक विवरण खोली कार्यविधिमा उल्लेख भएका सेवा र शर्तको आधारमा कम्तिमा ३५ दिनको समयमावधि तोकेर राष्ट्रियस्तरको दैनिक पत्रिकामा सिलवन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिनेछ।

(ख) बोलपत्र मूल्याङ्कनको लागि विभागबाट मूल्याङ्कन समिति गठन हुनेछ।

(ग) प्राप्त बोलपत्ररुलाई स्वीकृत वा अस्वीकृत गर्ने अधिकार विभागमा रहनेछ।

(घ) एउटा स्थानको लागि पर्यटकीय सेवा संचालन गर्न एउटा मात्र बोलपत्र परेमा पनि विभागले स्वीकृत गर्न सक्नेछ।

(ङ) रीतपूर्वक पर्न आएका बोलपत्रहरुमा मूल्यांकन समितिको सिफारिसबाट आर्थिक र प्राविधिक प्रस्तावमा विभागले उचित ठहऱ्याएमा दोश्रो हुने बोलपत्रलाई पनि स्वीकृत गर्न सक्नेछ।

(च) पर्यटकीय सेवा संचालनको लागि बोलपत्र दाखिला गर्दा आर्थिक र प्राविधिक प्रस्ताव छुट्टा छुट्टै विवरण तयार गरेर एकसाथ पेश गर्नु पर्नेछ।

(छ) पर्यटकीय सेवा संचालनको लागि दाखिला हुन आएका वोलपत्रहरुको प्राविधिक प्रस्तावमा मूल्यांकन भइ छनोट भएका वोलपत्रहरुको मात्र आर्थिक प्रस्ताव समेतको मूल्याङ्कन गरेर औषत निकाली प्रतिस्पर्धामा क्रमास्तर निर्धारण गरिनेछ।

आ. (क) पर्यटकीय सेवा संचालन गर्न चाहने निजी कम्पनी, साझेदारी कम्पनी वा संस्थाले नेपाल सरकारको सम्बन्धित निकायहरुबाट पर्यटकीय सेवा/क्रियाकलापहरु संचालन गर्न पाउने अनुमति एवं इजाजत पत्र लिएको हुनु पर्नेछ।

९. **पर्यटकीय सेवा संचालनका आधारहरु र कार्ययोजना** :

क. पर्यटकीय सेवा सञ्चालन गर्ने (चिया पसल, होटल/लज/रिसोर्ट, टेण्टेड क्याम्प र केवलकार) कार्य योजनाका आधारहरु निम्न बमोजिम हुनेछ :

- पर्यापर्यटन सेवा सञ्चालन गरेको अनुभव,
- पर्यटकीय सेवा सञ्चालनको लागि आवश्यक वातावरणमैत्री भौतिक पूर्वाधार तथा उपकरणहरु, सवारी साधन, हात्ती, घोडा आदि।
- व्यवसाय सञ्चालन गर्नको लागि धान्ने पूंजी/स्रोत,
- कवोल रकम (राजश्व र संरक्षण शुल्क) श्रोत खुलेको निस्सा वा वैंक जमानत

- प्राविधिक जनशक्ति तथा दक्षता
- स्थानीय व्यक्तिहरुलाई रोजगारीका अवसरहरु,
- जैविक विविधता संरक्षणसम्बन्धी कार्यका सृजनात्मक प्रस्तावहरु,
- बुझाउनु पर्ने करहरु चूक्ता गरेको प्रमाण,
- कार्ययोजना तथा वर्हिगमन योजना,
- फोहोर व्यवस्थापन तथा वातावरण संरक्षण गर्न आवश्यक पर्ने कार्यहरुको कार्ययोजना आदि ।
- पर्यटकीय सेव संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन तथा परीक्षण प्रतिवेदन तयार गरी स्वीकृत गरी लागूगर्नु पर्ने अवस्थामा वातावरण संरक्षण ऐन र नियमावली बमोजिम स्वीकृत भएपछि मात्र सम्झौता गरी पर्यापर्यटन सेवा सञ्चालन गरिनेछ ।
- पर्यटन व्यवसाय सञ्चालन गर्दा सञ्चालकलाई कुनै व्यवहारिक असुविधा पर्न गएमा प्रमुख संरक्षण अधिकृत/संरक्षण अधिकृतको शिफारिससाथ संशोधन गर्नु पर्ने कारणको विस्तृत विवरण विभागमा पेश गर्नु पर्नेछ । विभागबाट सो समस्याको समाधान हुन नसक्ने अवस्था भएमा शिफारिससहित वन तथा भू-संरक्षण मन्त्रालयमा पठाउन सकिनेछ । मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

**१०. सेवा र शर्त :**

क. संरक्षित क्षेत्रभित्र वातावरणमैत्री पर्यटकीय चिया पसाल, होटल/लज/रिर्सोट, टेण्टेड क्याम्प र केवलकार सञ्चालन गर्न सकिनेछ ।

ख. प्रस्तावित पर्याटकीय सेवाको अवधि तराईका संरक्षित क्षेत्रमा बढीमा १५ वर्ष र पहाडी तथा हिमाली संरक्षित क्षेत्रमा बढीमा २५ वर्षको लागि हुनेछ ।

ग. पर्यटकीय सेव संचालन गर्दा तराईमा ५ हेक्टर र पहाडी तथा हिमाली क्षेत्रमा १.५ हेक्टर क्षेत्रफलमा सेवा प्रदान गर्नु पर्ने छ ।

घ. तराईमा बढीमा ६० र पहाडी तथा हिमाली क्षेत्रमा बढीमा १८ बेडसम्म प्रति दिनको क्षमता भएको भौतिक संरचनाहरु निर्माण गर्न सकिने छ ।

ङ. पर्याटकीय सेवा सञ्चालनका लागि तराईमा आवस्यक पर्ने जनशक्ति र कर्मचारीको संख्या वढीमा १८० जना र पहाडी तथा हिमाली क्षेत्रमा बढीमा ६० जनासम्म राख्न सकिने छ ।

च. संरक्षित क्षेत्रभित्र पर्यटकीय कियाकलापमा फोटोग्राफी, हात्तीमा विचरण, जिप यात्रा, डुङ्गा विहार, प्रकृति पथ प्रर्दशन, वन्यजन्तु तथा वनस्पतिका दृश्यावलोकन आदि कियाकलापहरु प्रदान गर्न सकिनेछ ।

छ. पर्यटकीय कियाकलापमा संलग्न कर्मचारीहरुको तीन पुस्ते र फोटोसहितको विवरण कार्यालमा पेश गर्नु पर्ने छ । प्रत्येक कर्मचारीको तराइको संरक्षित क्षेत्रकालागि रु १०००।, पहाड र हिमालमा रु ५००। शुल्क बुझाई फोटोसहितको परिचय पत्र बनाउनु पर्ने छ । संरक्षित क्षेत्रमा रहदासम्म उक्त परिचय पत्रसाथमा राख्नु पर्ने छ । कार्यालयका कर्मचारी र सुरक्षाकर्मीले हेर्नले माग गर्दा देखाउनु पर्ने छ । कार्यालबाट प्रत्येक आ.व.मा परिचय पत्र नवीकरण गराउनु पर्ने छ । नवीकरण गराउदा र हराएमा वा च्यातिएमा पुनः उल्लिखित शुल्क बुझाई नवीकरण वा नयाँ परिचय पत्र लिनु पर्ने छ । कर्मचारीले सेवा छोडेर गएमा अविवार्यरुपमा कार्यलयमा परिचय-पत्र दाखिला गर्नु पर्ने छ। परिचय-पत्र नभएका व्यक्तिलाई कर्मचारी वा कामदारको रुपमा होटल रेष्टुरामा राख्न पाइने छैन । कार्यालयले तोकेको रंग र गुणस्तरको पोशाक कर्मचारी र कामदारले अनिवार्य रुपमा लगाउनु पर्ने छ ।

च. पर्यटकहरुलाई वन्यजन्तु अवलोकन गराउंदा घेरा हाल्ने, लखेट्ने वा अन्य किसिमले दुःख दिने वा कुनै किसिमको वनस्पति हानी नोक्सानी गर्न पाईने छैन । संरक्षित क्षेत्रमा पर्यकटकहरुले जैविक विविधताको वस्तु वा अङ्ग संकलन गर्न वा हटाउन हुदैन । विना इजाजत कुनै किसिमको वैज्ञानिक अनुसन्धान गर्न गराउन वा सो गर्न कुनै किसिमले सहयोग पुर्‍याउनु हुंदैन । पर्यटकहरुलाई भ्रमण गराउंदा अनिवार्यरुपमा सम्बन्धित निकायहरुबाट पथ प्रदर्शक तालिम लिएको प्रकृति पथ प्रदर्शकको प्रबन्ध गर्नु पर्नेछ ।

छ. पर्यटकीय सेवा सञ्चालकले विभागसंग सम्झौता गरिसके पछि निजले अन्य कुनै व्यक्ति, फर्म र कम्पनीका नाममा हकहस्तान्तरण गर्न पाउने छैन् । अन्य प्रयोजनको लागि आफ्नो प्रतिनिधि तोक्न वा घर जग्गा, टेण्टेड क्याम्प भाडा वा अन्य कुनै बैंकमा धितो वा जमानीमा राख्न पाइने छैन ।

ज. पर्यटकीय सेवा सञ्चालकले जैविक विविधता तथा वातावरण संरक्षण, चोरी शिकार नियन्त्रण, वासस्थान व्यवस्थापन, संरक्षित क्षेत्रको भौतिक पूर्वाधार विकास/मर्मत सुधार कार्यमा सहयोग पुऱ्याउन पर्नेछ ।

झ. पर्यटकीय सेवा सञ्चालकले क्याम्पफायरको लागि मात्र संरक्षित क्षेत्रको कार्यालयले तोकेको स्थानबाट राजश्व बुझाई तोकिएको परिमाणको दाउरा संकलन गरी प्रयोग गर्न पाउनेछ । खाना पकाउन र पानी तताउने प्रयोजनका लागि दाउराको प्रयोग गर्न पाइने छैन् ।

ञ. विना ईजाजत संरक्षित क्षेत्रभित्र व्यावसायिक चलचित्र बनाउने व्यक्ति वा संस्थालाई राख्न तथा सेवा उपलब्ध गराउन पाइने छैन ।

ट. पर्यटकीय क्रियाकलाप सञ्चालन गर्दा जम्मा भएको फोहोरमैलालाई तोकिए बमोजिम व्यवसायी स्वयम्ले नै संरक्षित क्षेत्र बाहिर उचित व्यवस्थापन गर्नु पर्नेछ ।

ठ. पर्यटकीय क्रियाकलाप सञ्चालन गर्दा स्थानीय संस्कृति र परम्परा झल्काउने कार्यकम साँझ ६ बजे देखि ९ बजेसम्म संचालन गर्न सकिने छ ।

ड. पर्यटकीय सेवा सञ्चालकले सम्झौता विपरीत काम गर्न गराउन पाउने छैन । यस्तो कार्य गरेमा सम्वन्धित कार्यालयले पहिलो पटक ३५ दिनको समय दिई विपरीत कार्य सच्याउन पर्ने छ । विपरीत कर्यावाट पर्न गएको संरक्षित क्षेत्रको क्षतिको उचित क्षतिपूर्ति वा दण्ड जरिवाना गरिनेछ ।

ढ. पर्यटकीय सेवा संचालन गर्दा आवश्यक पर्ने उर्जाको लागि सौर्यउर्जा र ध्वनिरहित जनरेटर संचालन गर्न पाइने छ ।

ण. तराईका संरक्षित क्षेत्रमा संचालन हुने पर्यटकीय क्रियाकलापहरु जेष्ठ १५ देखि भाद्र मसान्तसम्म पूर्णरुपमा बन्द गर्नु पर्ने छ ।

**११. कार्यविधि लागू हुने संरक्षित क्षेत्रहरु :**

क. राष्ट्रिय निकुञ्ज र त्यसको मध्यवर्ती क्षेत्र,

ख. वन्यजन्तु आरक्ष र त्यसको मध्यवर्ती क्षेत्र,

ग. शिकार आरक्ष र त्यसको मध्यवर्ती क्षेत्र र

घ. संरक्षण क्षेत्र ।

**१२. वातावरणीय पक्ष :**

क. संरक्षित क्षेत्रमा निर्माण गरिने सम्पूर्ण भौतिक संरचनाहरु, भवनहरु, टेण्टबाट सञ्चालन गरिने क्याम्पहरु वातावरणमैत्री हुनु पर्नेछ ।

ख. सेवा संचालन गर्दा निस्कने फोहरमैला, पानीको मुहान, खोला, नदी वा तालमा मिसाउन पाईने छैन । प्लाष्टिकजन्य वस्तुहरुको प्रयोग निषेध गरिएको छ ।

**१३. प्रवेश व्यवस्था :**

क. संरक्षित क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकले प्रवेश अनुमति-पत्र लिई कार्यालयले तोकेको प्रवेशद्वारबाट मात्र प्रवेश गर्नु पर्नेछ । संरक्षित क्षेत्रका कर्मचारी तथा सुरक्षाकर्मीहरुबाट चेकजांच गर्दा प्रवेश अनुमति अनिवार्य देखाउनु पर्नेछ । पर्यटकले संरक्षित क्षेत्रभित्र रहदा सम्म प्रवेश पत्र अनिवार्यरुपमा साथमा राख्नु पर्ने छ ।

**१४. राजश्व तथा शुल्कहरु :**

अ. पर्यटकीय सेवा सञ्चालकबाट वार्षिकरुपमा चियापसल, होटल/लज/रिर्सोट, टेण्टेड क्याम्पको क्षमता, स्थान र सेवा सुविधाको आधारमा व्यवसायको वर्गीकरण अनुसार राजश्व रकम (अनुसूची-२) सम्बन्धित कार्यालयमा र संरक्षण शुल्क

राष्ट्रिय प्रकृति संरक्षण कोषमा र कोषको कार्यालय नभएको स्थानमा वा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति एवं संरक्षण क्षेत्रको कार्यालयमा बुझाउनु पर्नेछ। अन्य पर्यटकीय कियाकलाप सञ्चालनका लागि तोकिएको राजस्व बुझाउन पर्नेछ।

आ. सेवा संचालन गरे बापत बुझाउनु पर्ने राजस्व वरावरको रकम बैंक जमानत (श्रावण १ गतेदेखि आषाढ मसान्तसम्म) अग्रिम रुपमा प्रत्येक आर्थिक वर्षमा सवन्धित कार्यालयमा राख्नु पर्ने छ।

इ. संरक्षित क्षेत्रअनुसार राजस्व तथा सेवा शुल्क वर्गीकरण अनुसूची-२ अनुसार हुनेछ।

ई. संरक्षण शुल्कको हकमा चितवन, सगरमाथा, लाङ्गटाङ्ग राष्ट्रिय निकुञ्जहरुमा राजश्व बराबरको रकम जम्मा गर्नु पर्नेछ। बर्दिया राष्ट्रिय निकुञ्जमा राजश्वको ५० प्रतिशत र बाँकी निकुञ्ज, आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्रहरुमा राजस्वको २५ प्रतिशत संरक्षण शुल्क वुझाउनु पर्नेछ।

उ. प्रस्तावित पर्यटकीय सेवा संचालन गर्न आवस्यक पर्ने भौतिक संरचनाको निर्माण एक आर्थिक वर्ष भित्र ६ महिनाको अवधिमा सम्पन्न गर्नु पर्नेछ। राजश्व तथा संरक्षण शुल्क पर्यटकीय सेवा सञ्चालन भएको मितिबाट लागू हुनेछ।

ऊ. राजश्व रकम ५ वर्षसम्म यथावत रहने र त्यसपछि प्रत्येक वर्ष चक्रबृत्तिका दरले १० प्रतिशत राजस्व थप हुनेछ।

ए. राजश्व तथा संरक्षण शुल्क चौमासिकरुपमा चालु आर्थिक वर्षभित्रै बुझाईसक्नु पर्नेछ। आर्थिक वर्षभित्र नबुझाएमा आउने आर्थिक वर्षको पहिलो चौमासिकमा १० प्रतिशत र दोस्रो चौमासिकमा १५ प्रतिशत र तेस्रो चौमासिकवाट २५ प्रतिशत राजस्व रकम थप गरी बुझाउनु पर्नेछ। एक वर्षभित्र पनि राजस्व तथा संरक्षण शुल्क नबुझाएमा पर्यटकीय सेवा बन्द गरिनेछ र धरौटी वापतको रकम जफत हुनेछ।

ऐ. राष्ट्रिय विपत्ति र असहज भएको अवस्थामा राजस्व र संरक्षण शुल्कको हकमा नेपाल सरकारको निर्णय अनुसार हुनेछ। प्रकृतिक प्रकोप (आगलागि, हावाहुरी, भूइचालो) बाट भौतिक संरचना क्षतिभई पर्यटकीय सेवा वन्द गर्नु परेमा तिन महिनाको समय अवधिमा पूर्ननिर्माण गर्ने सो आधिको राजस्व र संरक्षण शुल्क लाग्ने छैन्।

**१५. निर्माण तथा मर्मत सुधार :**

क. भौतिक तथा स्थायी संरचना निर्माण गर्नु पूर्व नक्शाँङ्कन तयार गरेर विभागवाट स्वीकृति लिएर गर्नु पर्नेछ।

ख. सम्झौताको अवधि पूरा भएपछि निर्मित सम्पूर्ण भौतिक पूर्वाधार व्यवसायीको हुने छ। निजले छोडेमा सो को स्वामित्व सम्बन्धित संरक्षित क्षेत्रको हुनेछ।

**१६. अनुगमन/मूल्याङ्कन समिति :**

क. पर्यटकीय सेवा र कियाकलाप सम्बन्धित कार्यालयले नियमित रुपमा अनुगमन गर्नुपर्ने छ।

ख. सेवा सम्झौता अवधिको ५/५ वर्षमा नियमित र अन्तिम पटक सम्झौता समाप्त हुने वर्ष भन्दा अघिल्लो वर्षमा विभागबाट गठन गरिएको अनुगमन र मूल्याङ्कन समितिले सेवा, सुविधा र कार्यक्षमताको अतिरिक्त जैविक विविधता संरक्षण र स्थानीय बासिन्दाहरुलाई पुऱ्याएको सहयोगसम्बन्धमा आवधिक मूल्याङ्कन (अनुसूची-३) वमोजिम गर्नेछ। मूल्याङ्कनबाट आएका सुझावको आधारमा मन्त्रालयले सेवा तथा अन्य विषयहरुमा हेरफेर तथा परिवर्तन गर्न सक्नेछ।

ग. अनुगमन/मूल्याङ्कन समिति देहाय बमोजिम गठन हुनेछ :
संयोजक : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले तोकेको प्रतिनिधि,
सदस्य : सम्बन्धित जिल्लाको उद्योग वाणिज्य संघले तोकेको प्रतिनिधि,
सदस्य : लेखा अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,
सदस्य : वन तथा भू-संरक्षण मन्त्रालयले तोकेको पर्यापर्यटन विज्ञ,
सदस्य : विभागले तोकेको जीवपरिवृत्तीय शास्त्री
सदस्य सचिव : सम्बन्धित कार्यालयको प्रमुख संरक्षण अधिकृत/संरक्षण अधिकृत

पर्यटकीय सेवा र कियाकलाप सुधार र प्रभावकारी बनाउन समितिबाट प्राप्त प्रतिवेदनको आधारमा मन्त्रालयले व्यवसायीलाई सुझाव तथा निर्देशन दिन सक्ने छ।

**१७. पर्यटकीय सेवाको विवरण :**

संरक्षित क्षेत्रले आफ्नो क्षेत्रमा पर्यटकिय क्रियाकलाप/गतिविधि, प्रवेशद्धार, पदमार्ग, होटल/लज/रिसोंट, टेण्टेड क्याम्प र चिया पसल स्थापना तथा सञ्चालन क्षेत्रको एकिन गरि आ-आफ्नो व्यवस्थापन योजनामा समावेश गरि स्वीकृत गराउनु पर्नेछ ।

**१८. विवाद निरुपण :**

यो कार्यविधि कार्यान्वयन गर्दा आई पर्ने कुनै पनि विवादको निरुपण विभागले गर्नेछ र सो उपर चित्त नबुझेमा वन तथा भू-संरक्षण मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

**१९. विविध :**

क. सेवा सञ्चालकले वार्षिक प्रगति विवरण सम्बन्धित कार्यालयमा वार्षिकरुपमा पेश गर्नु पर्नेछ ।

ख. पर्यटकीय सेवा संचालन गर्ने संझौता वमोजिमको राजस्व र संरक्षण शुल्क एंव कर रकमहरु तोकिएको अवधिभित्र नवुझाउने पर्यटन व्यवसायी/उद्योगलाई भविश्यमा यस्तो व्यवसाय संचालन एंव सहभागी हुन नपाउने गरी वन्चित गर्ने र त्यस्ता उद्योगलाई कालो सूचिमा सूचिकृत गरी कानुन वमाजिम कार्वाही गरिनेछ ।

ग. सेवा सञ्चालन कार्ययोजना तथा वर्हिगमन योजना :सेवा सञ्चालकले सेवा अवधिको कार्ययोजना बनाई विभागबाट स्वीकृत गराई सेवा सञ्चालन गर्नु पर्नेछ । सेवा अवधि समाप्त हुनु भन्दा १ वर्ष अगाडि नै वर्हिगमन योजना (Exit Plan) स्वीकृत गराई लागू गर्नु पर्नेछ ।

घ. पर्यटन व्यवसाय संचालन गर्दा संचालकलाई कुनै व्यवहारिक असुविधा पर्न गएमा प्रमुख संरक्षण अधिकृत/संरक्षण अधिकृतको सिफारिससाथ संशोधन गर्नु पर्ने कारणको विस्तृत विवरण विभागमा पेश गर्नु पर्नेछ । विभागबाट सो समस्याको समाधान हुन नसक्ने अवस्था भएमा सिफारिस सहित वन तथा भू-संरक्षण मन्त्रालयमा पठाउन सकिनेछ । मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

**अनुसूची-१**

**होटल/लज/रिसोर्ट, टेण्टेड क्याम्प र चिया पसलहरु सञ्चालन सम्बन्धमा कानुनी व्यवस्था :**

क. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ :

दफा ६ : राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र सेवेवा सञ्चालन : (१) राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको सर्वोपरिहितको निमित्त नेपाल सरकारले स्वयं वा तोकिए बमोजिमको कार्यविधि अपनाई कसैसित करार गरी होटल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्नेछ । (२) उपदफा (१) बमोजिम करार नगरी कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षणक्षेत्र भित्र जुनसुकै किसिमको सेवा वा सुविधा सञ्चालन गर्न पाउने छैन ।

ख. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० :

नियम ३ : निकुञ्ज वा आरक्षभित्र संचालन गरिने सेवा : (१) ऐनको दफा ६ बमोजिमको कुनै सेवा सुविधा नेपाल सरकारले कसैबाट सञ्चालन गराउन चाहेमा त्यस्तो सेवा वा सुविधा सम्बन्धी आवश्यक विवरण खोली त्यस्तो सेवा वा सुविधा के कस्तो शर्तमा सञ्चालन गर्न सक्ने हो सो सबै कुरा खुलाई शिल्ड टेण्डर दिनको लागि कम्तिमा ३५ (पैंतीस) दिनको म्याद तोकी प्रमुख पत्र पत्रिकामा सूचना प्रकाशित गर्नुपर्छ र त्यस्तो टेण्डरको सूचनामा टेण्डर पेश गर्नु पर्ने कार्यालय वा अधिकृत र टेण्डर खोलिने समय समेत तोक्नु पर्छ ।

(२) उपनियम (१) बमोजिम म्यादभित्र पर्न आएका टेण्डरहरु रीतपूर्वकको नभए वा सन्तोषप्रद नभएको भन्ने नेपाल सरकारलाई लागेमा अर्को टेण्डर माग गर्नका लागि पुनः सूचना प्रकाशित गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम पेश भएको टेण्डर मध्ये नेपाल सरकारलाई सबैभन्दा बढी राजश्व (रोयल्टी) कबूल गर्नेको स्वीकार गर्नुपर्छ ।

तर कुनै खास अवस्थामा कम्ती राजश्व (रोयल्टी कबूल गर्नेको टेण्डर पनि स्वीकार गर्न सकिनेछ र त्यस्तोमा टेण्डर स्वीकार गर्ने अधिकारीले सो गर्नु परेको कारण समेत जनाई राख्नुपर्छ।

(४) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र कुनै सेवा वा सुविधा सञ्चालन गर्नको लागि बोलकबोल गर्ने व्यक्तिले त्यस्तो सेवा वा सुविधा संचालन गर्ने सम्बन्धमा कुनै किसिमको निर्माण कार्य गर्नु पर्दा त्यसको विस्तृत आयोजना तयार गरी नेपाल सर कारबाट स्वीकृत गराउनु पर्नेछ।

ग. हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ :

नियम २८ : नेपाल सरकारले निकुञ्जको हितका लागि सेवा संचालन गर्न गराउन सक्नेः (१) निकुञ्जको हितको लागि नेपाल सरकारले निकुञ्जभित्र होटल, लज, छाप्रो, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था आफैं वा कुनै व्यक्तिसित करार गरी संचालन गर्न गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम अन्य व्यक्तिबाट सेवा संचालन गराउंदा नेपाल सरकारले आवश्यकतानुसार त्यसको शर्त तोक्न सक्नेछ।

(३) यो नियमावली लागू हुनुभन्दा अघिदेखि निकुञ्जभित्र संचालन भएको होटल, लज, रेष्टुरां वा चिया पसलका मालिकले यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र यस नियमावली बमोजिम नेपाल सरकारसित करार गर्नु पर्नेछ।

घ. खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४ :

नियम ३२ : नेपाल सरकारले निकुञ्जको हितका लागि सेवा सञ्चालन गर्न गराउन सक्नेः (१) निकुञ्जको हितको लागि नेपाल सरकारले निकुञ्जभित्र होटल, लज, छाप्रो, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था आफैं वा अन्य व्यक्तिसित करार गरी संचालन गर्न गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम अन्य व्यक्तिबाट सेवा सञ्चालन गराउँदा नेपाल सरकारले आवश्यकतानुसार त्यसको शर्त तोक्न सक्नेछ।

(३) यो नियमावली लागू हुनुभन्दा अघिदेखि निकुञ्जभित्र संचालन भएको होटल, लज, रेष्टुरां वा चिया पसलका मालिकले यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र यस नियमावली बमोजिम नेपाल सरकारसंग करार गर्नु पर्नेछ।

ङ. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ :

नियम ३३ : मध्यवर्ती क्षेत्रभित्र संचालन गरिने सेवा : (१) मन्त्रालयले मध्यवर्ती क्षेत्रभित्र ऐनको दफा ६ बमोजिमको कुनै सेवा वा सुविधा कसैबाट सञ्चालन गराउन चाहेमा त्यस्तो सेवा वा सुविधा सम्बन्धी आवश्यक विवरण खोली त्यस्तो सेवा वा सुविधा के कस्तो शर्तमा सञ्चालन गर्न सक्ने हो सो सबै कुरा खुलाई सिल्ड टेण्डर दिनको लागि कम्तीमा ३५ (पैतीस) दिनको म्याद तोकी प्रमुख पत्र पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ र त्यस्तो टेण्डरको सूचनामा टेण्डर पेश गर्नुपर्ने कार्यालय वा अधिकारी र टेण्डर खोलिने समय समेत तोक्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम म्यादभित्र पर्न आएका टेण्डरहरु रीतपूर्वक नभए वा सन्तोषप्रद नभएको भन्ने मन्त्रालयलाई लागेमा अर्को टेण्डरहरु रीतपूर्वक नभए वा सन्तोषप्रद नभएको भन्ने मन्त्रालयलाई लागेमा अर्को टेण्डर माग गर्नको लागि पुनः सूचना प्रकाशन गर्न सक्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम पेश भएको टेण्डर मध्ये मन्त्रालयले सबैभन्दा बढी राजश्व (रोयल्टी) कबूल गर्ने र वातावरण संरक्षणको दृष्टिबाट उपयुक्त हुने टेण्डर स्वीकार गर्नुपर्नेछ।

तर कुनै खास अवस्थामा मन्त्रालयले कम्ती रोयल्टी कबूल गर्नेको टेण्डर पनि स्वीकार गर्न सक्नेछ र त्यस्तोमा टेण्डर स्वीकार गर्ने अधिकारीले सो गर्नु परेको कारण समेत जनाई राख्नु पर्नेछ।

(४) मध्यवर्ती क्षेत्रभित्र कुनै सेवा वा सुविधा सञ्चालन गर्नको लागि बोलकबोल गर्ने व्यक्तिले त्यस्तो सेवा वा सुविधा सञ्चालन गर्ने सम्बन्धमा कुनै किसिमको निर्माण कार्य गर्नु पर्दा त्यसको विस्तृत आयोजना तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ।

च. संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ :

नियम २२ : संरक्षण क्षेत्रभित्र सेवा व्यवसाय सञ्चालन गर्ने : (१) कुनै व्यक्तिले संस्थासंग करार गरेर संरक्षण क्षेत्रभित्रको कुनै जग्गामा होटेल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा व्यवसाय सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको करार गर्नु पूर्व संस्थाले सम्बन्धित समिति र संरक्षण अधिकृतसंग परामर्श लिन सक्नेछ।

छ. संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ :

नियम ३४ : संरक्षण क्षेत्रभित्र सेवा वा सुविधा सञ्चालन गर्नुः (१) संरक्षण क्षेत्रभित्रका सरकारी जग्गामा ऐनको दफा ६ बमोजिमका सेवा वा सुविधा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले प्रस्ताव सहित संरक्षक समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा आवश्यक छानविन गरी संरक्षकले आफ्नो राय सहित विभाग समक्ष पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको निवेदनमा विभागले आफ्नो राय एवं सिफारिस सहित मन्त्रालय समक्ष पे श गर्नुपर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त हुन आएको निवेदनका सम्बन्धमा मन्त्रालयले सम्बन्धित व्यक्ति वा संस्थासंग करार गरी त्यस्तो सेवा वा सुविधा सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ।

**अनुसूची-२**

**क. चितवन राष्ट्रिय निकुञ्ज र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

- ६० जना क्षमता भएको लागि न्यूनतम रु. २० लाख (वीस लाख),
- ६० जनाभन्दा कम क्षमताको लागि न्यूनतम रु.२० लाख (वीस लाख) को आधारमा तोकिने छ।

**ख. बर्दिया राष्ट्रिय निकुञ्ज र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

- ६० जना क्षमता भएको लागि न्यूनतम रु. १५ लाख (पन्ध्र लाख),
- ६० जनाभन्दा कम क्षमताको लागि न्यूनतम रु १५ लाख (पन्ध्र लाख), को आधारमा तोकिने छ।

**ग. बांके राष्ट्रिय निकुञ्ज र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

- ३० जना क्षमता भएको लागि न्यूनतम रु. ५ लाख (पांच लाख),
- ३० जनाभन्दा कम क्षमताको लागि न्यूनतम रु. ५ लाख (पांच लाख) को आधारमा तोकिने छ।

**घ. शुक्लाफांटा वन्यजन्तु आरक्ष र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

- ३० जना क्षमता भएको लागि न्यूनतम रु. ५ लाख (पांच लाख),
- ३० जनाभन्दा कम क्षमताको लागि न्यूनतम रु.५ लाख (पांच लाख) को आधारमा तोकिने छ।

**ङ. पर्सा वन्यजन्तु आरक्ष र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

- ३० जना क्षमता भएको लागि न्यूनतम रु. ५ लाख (पांच लाख),
- ३० जनाभन्दा कम क्षमताको लागि न्यूनतम रु.५ लाख (पांच लाख) को आधारमा तोकिने छ।

**च. कोशीटप्पु वन्यजन्तु आरक्ष र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

- ३० जना क्षमता भएको लागि न्यूनतम रु. ५ लाख (पांच लाख),

- ३० जनाभन्दा कम क्षमताको लागि न्यूनतम रु.५ लाख (पांच लाख) को आधारमा तोकिने छ।

**छ. लाङटाङ राष्ट्रिय निकुञ्ज र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

क वर्गको लागि न्यूनतम रु. २,०००००। (दुई लाख)

ख वर्गको लागि न्यूनतम रु. १५००००। (एक लाख पचास हजार)

ग वर्गको लागि न्यूनतमर् रु. १०००००। (एक लाख)

घ वर्गको लागि न्यूनतम रु. २५,०००। (पच्चीस हजार)

**ज. सगरमाथा राष्ट्रिय निकुञ्ज र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

क वर्गको लागि न्यूनतम रु. २५,०००००। (पच्चीस लाख)

ख वर्गको लागि न्यूनतम रु. २०,०००००। (वीस दश लाख)

ग वर्गको लागि न्यूनतम रु. १५,००००। (पन्ध्र लाख)

घ वर्गको लागि न्यूनतम रु. १,०००००। (एक लाख)

**झ. रारा राष्ट्रिय निकुञ्ज र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

क वर्गको लागि न्यूनतम रु. १,०००००। (एक लाख)

ख वर्गको लागि न्यूनतम रु. ७५,०००। (पचहत्तर हजार)

ग वर्गको लागि न्यूनतम रु. ५०,०००। (पचास हजार)

घ वर्गको लागि न्यूनतम रु. १०,०००। (दश हजार)

**ञ. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

क वर्गको लागि न्यूनतम रु. १,०००००। (एक लाख)

ख वर्गको लागि न्यूनतम रु. ७५,०००। (पचहत्तर हजार)

ग वर्गको लागि न्यूनतम रु. ५०,०००। (पचास हजार)

घ वर्गको लागि न्यूनतम रु. १०,०००। (दश हजार)

**ट. मकालु वरुण राष्ट्रिय निकुञ्ज र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

क वर्गको लागि न्यूनतम रु. १,०००००। (एक लाख)

ख वर्गको लागि न्यूनतम रु. ७५,०००। (पचहत्तर हजार)

ग वर्गको लागि न्यूनतम रु. ५०,०००। (पचास हजार)

घ वर्गको लागि न्यूनतम रु. १०,०००। (दश हजार)

**ठ. खप्तड राष्ट्रिय निकुञ्ज र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

क वर्गको लागि न्यूनतम रु. १,०००००। (एक लाख)

ख वर्गको लागि न्यूनतम रु. ७५,०००। (पचहत्तर हजार)

ग वर्गको लागि न्यूनतम रु. ५०,०००। (पचास हजार)

घ वर्गको लागि न्यूनतम रु. १०,०००। (दश हजार)

**ड.  ढोरपाटन शिकार आरक्ष र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

क वर्गको लागि न्यूनतम रु. १,०००००। (एक लाख)

ख वर्गको लागि न्यूनतम रु. ७५,०००। (पचहत्तर हजार)

ग वर्गको लागि न्यूनतम रु. ५०,०००। (पचास हजार)

घ वर्गको लागि न्यूनतम रु. १०,०००। (दश हजार)

**ढ.  कञ्चनजंघा संरक्षण क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

क वर्गको लागि न्यूनतम रु. १,०००००। (एक लाख)

ख वर्गको लागि न्यूनतम रु. ७५,०००। (पचहत्तर हजार)

ग वर्गको लागि न्यूनतम रु. ५०,०००। (पचास हजार)

घ वर्गको लागि न्यूनतम रु. १०,०००। (दश हजार)

**ण.  अपिनाम्पा संरक्षण क्षेत्रको लागि राजश्व वार्षिक रु. :**

क वर्गको लागि न्यूनतम  रु. १,०००००। (एक लाख)

ख वर्गको लागि न्यूनतम रु. ७५,०००। (पचहत्तर हजार)

ग वर्गको लागि न्यूनतम रु. ५०,०००। (पचास हजार)

घ वर्गको लागि न्यूनतम रु. १०,०००। (दश हजार)

**त. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज :**

शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्ज र त्यसको मध्यवर्ती क्षेत्रको लागि राजश्व वार्षिक रु.

(क)  क वर्गको लागि न्यूनतम रु.  १०,००,०००।- (दश लाख)

(ख)  ख वर्गको लागि न्यूनतम रु.  ७,००,०००।- (सात लाख)

(ग)  ग वर्गको लागि न्यूनतम रु.  ५,००,०००।- (पांच लाख)

(घ)  घ वर्गको लागि न्यूनतम रु.  १,००,०००।- (एक लाख)

**थ.  वर्गीकरणका आधारहरु**

क वर्ग = ९ कोठा /टेण्ट

ख वर्ग = ६ कोठा/टेण्ट

ग वर्ग = ३ कोठा / टेण्ट

घ वर्ग = चिया पसल र रेष्टुरेन्ट

**अनुसूची-३**

**सेवा संचालन मूल्यांकनका आधारहरु**

१. **आर्थिक पक्ष** :

(क) व्यवसाय संचालन गर्नको लागि धान्ने पूंजी/श्रोत

(ख) कवोल रकम (राजश्व र संरक्षण शुल्क)

(ग) वुझाउनु पर्ने राजश्व एवं करहरु चुक्ता गरेको प्रमाण

२. **प्राविधिक पक्ष** :

(क) पर्या पर्यटन सेवा संचालन गरेको अनुभव

(ख) प्राविधिक जनशक्ति तथा दक्षता

(ग) पर्यटकीय सेवा संचालनको लागि आवश्यक पर्ने वातावरणमैत्री भौतिक पूर्वाधार तथा उपकरणहरु (सवारी साधन, हात्ती, घोडा आदि)

(घ) जैविक विविधता संरक्षण सम्बन्धी प्रस्तावित कार्यहरुको श्रृजनात्मक प्रस्तावहरु

३. **वातावरणीय पक्ष** :

(क) फोहोर व्यवस्थापन तथा वातावरण संरक्षण गर्न आवश्यक पर्ने कार्यहरुको कार्य योजना ।

४. पर्यटकीय सेवा संचालनका प्राविधिक आर्थिक प्रस्तावको मूल्याङ्कनका आधारहरुः

| **क्र.सं.** | **पर्यटकीय सेवाहरु** | **आधार (१-१०)** | **प्राप्ताङ्ग** | **कैफियत** |
|---|---|---|---|---|
| १. | पर्या पर्यटन सेवा संचालन गरेको अनुभव | | | |
| २. | प्राविधिक जनशक्तिको विवरण प्रकृति पथ प्रदर्शक, ड्राइभर, मेकानिक्स, कर्मचारी आदि । | | | |
| ३. | पर्यटकीय सेवा संचालनको लागि आवश्यक पर्ने वातावरणमैत्री भौतिक पूर्वाधारः<br>(क) भवनको स्पेशिफिकेशन लागत अनुमान<br>(ख) सवारी साधान र वोझबाहकको विवरण<br>(ग) हात्ती, घोडाको विवरण | | | |
| ४. | जैविक विविधता संरक्षण सम्वन्धी प्रस्तावित कार्यक्रमहरुको सृजनात्मक प्रस्तावहरु<br>(क) वासस्थान संरक्षण सुधार, घांसे मैदान व्यवस्थापन, पानीको स्रोत व्यवस्थापन<br>(ख) मध्यवर्ती क्षेत्रमा बृक्षारोपण, तारवार सम्वन्धी विवरण<br>(ग) संरक्षण शिक्षा सम्वन्धी कार्यक्रम | | | |
| ५. | सामाजिक दायित्व (Social corporate Responsibility) सम्वन्धी कामको विवरण | | | |
| ६. | फोहोर व्यवस्थापन<br>- ठोस<br>- सड्ने गल्ने | | | |
| ७. | अन्य | | | |
| | आर्थिक पक्ष | | | |
| | क. | | | |
| | ख. | | | |
| | ग. | | | |

५. आवधिक पर्यटकीय सेवा अनुगमन र मूल्यांङ्कनका आधारहरु :

| क.सं. | पर्यटकीय सेवाहरु | आधार (१-१०) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | भवनहरुको अवस्था (वातावरण मैत्री) | | | |
| २. | सवारी साधन<br>(क) मोटर जडित<br>(ख) हात्ती घोडा | | | |
| ३. | फोहार व्यवस्थापन<br>(क) ठोस<br>(ख) सड्ने गल्ने<br>(ग) दूषित पानी (Effulents) | | | |
| ४. | आफ्नो क्षेत्रमा वाटोको अवस्था | | | |
| ५. | जैविक विविधता संरक्षणमा सहयोग पुऱ्याएको विवरण<br>(क) वासस्थान संरक्षण सुधार (घाँसेमैदान व्यवस्थापन, पानीको श्रोत व्यवस्थापन,<br>(ख) मध्यवर्ती क्षेत्रमा वृक्षारोपण, तारवार<br>(ग) संरक्षण शिक्षा कार्यक्रम -पोष्टर, पुस्तिका प्रकाशन, क्यालेण्डर प्रकाशन, विद्यालय/क्याम्पस कार्यक्रम, गोष्ठी/अन्तर क्रिया कार्यक्रम | | | |
| ६. | सामाजिक दायित्व (Social Corporate Responsibility)<br>सामुदायिक भौतिक संरचना निर्माण (वाटो, विद्यालय, पानीको व्यवस्था) | | | |
| ७. | राजश्व संरक्षण शुल्क विवरण | | | |

# अनुसूची १.७

## Coordination amongst the Law Enforcement Agencies for Illegal Wildlife Trade/Inside-Outside

**Mr. Kamal Jung Kunwar & Mr. Ritesh Bhusan Basnet**

**नेपालमा वन्यजन्तु र वनस्पतिको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणका लागि सम्बद्ध निकायहरु बीचको समन्वय**

१. वन्यजन्तु अपराध नियन्त्रण संरचनाको संक्षिप्त परिचय र कार्यविधि

२. केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईका बैठक र निर्णयहरु

३. जिल्लास्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाई गठन

४. वन्यजन्तु अपराध नियन्त्रण इकाई पछिका दिनमा हासिल केही उपलब्धीहरु

५. गैंडा संरक्षण

**वन्यजन्तु अपराध नियन्त्रण संरचनाको संक्षिप्त परिचय**

**२०६७ मंसिर ७ गते मन्त्रिपरिषदको निर्णय :**

- राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति,
- केन्द्रियस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाई र
- जिल्लास्तरिय वन्यजन्तु अपराध नियन्त्रण इकाई

**१. राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति (National Wildlife Crime Control Coordination Committee)**

वन्यजन्तुको चोरी शिकारी र यसका अंग प्रत्यङ्गको अवैध व्यापारलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न कठिनाई भईरहेको अवस्थामा महत्वपूर्ण वन्यजन्तु सँधैको लागि लोप हुन जाने सम्भावनालाई मध्यनजर राखी यसको नियन्त्रणको लागि जिम्मेवार निकायहरुको प्रभावकारी समन्वयको आवश्यकता जरुरी रहेको छ। यी दुर्लभ सम्पदाको अवैध व्यापार नियन्त्रणको लागि एउटा छुट्टै निकायको स्थापनाको लागि सम्बन्धित क्षेत्रहरुबाट राय, सुझाव र सहयोग जुटाउन तथा आवश्यक राय सुझाव र निर्देशन दिनकालागि एक उच्चस्तरीय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति गठन र स्थापना गर्न मनासिव भएकोले नेपाल सर कार (मन्त्रिपरिषद) को मिति २०६७।८।५ को निर्णय बमोजिम निम्नानुसारको संरचना स्थापना गरिएको छ।

**राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति (National Wildlife Crime Control Coordination Committee) सांगठनिक स्वरुप**

| | |
|---|---|
| १. मन्त्री, वन तथा भू-संरक्षण मन्त्रालय | अध्यक्ष |
| २. सचिव, गृह मन्त्रालय | सदस्य |
| ३. सचिव, रक्षा मन्त्रालय | सदस्य |
| ४. सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ५. सचिव, कानुन तथा न्याय मन्त्रालय | सदस्य |
| ६. सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| ७. प्रधानसेनापति, नेपाली सेना | सदस्य |
| ८. महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| ९. महानिरीक्षक, सशस्त्र प्रहरी | सदस्य |
| १०. प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| ११. महानिर्देशक, रा.नि. तथा व.ज.सं. विभाग | सदस्य-सचिव |

### १. काम, कर्तव्य र अधिकार

- वन्यजन्तु अपराध नियन्त्रण गर्न अन्तरसरकारी र गैर सरकारी निकाय बीच समन्वय कायम गर्न आवस्यक नीति, कानुन तथा कार्यक्रम तर्जुमा गर्ने ।
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा समन्वय र सहयोग बिस्तार गर्ने ।
- वन्यजन्तु अपराध नियन्त्रण इकाईको काम, कारवाहीको समन्वय, अनुगमन तथा निरीक्षण गर्ने ।
- वन्यजन्तु अपराध नियन्त्रण इकाईको लागि आवश्यक पर्ने जनशक्ति, साधन तथा स्रोतको व्यवस्या गर्ने ।
- वन्यजन्तु अपराध नियन्त्रण इकाईलाई वन्यजन्तु तथा वनस्पति सम्बन्धी अपराध नियन्त्रण गर्न आवश्यक राय सुझाव तथा निर्देशन दिने ।

### केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण संरचनाको संक्षिप्त परिचय

वन्यजन्तुको चोरी शिकारी र यसका अंग प्रत्यङ्गको अवैध व्यापारलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न कठिनाई भईरहेको अवस्थामा महत्वपूर्ण वन्यजन्तु संधैको लागि लोप हुन जाने सम्भावनालाई मध्यनजर राखी यसको नियन्त्रणको लागि जिम्मे वार निकायहरुको प्रभावकारी समन्वयको आवश्यकता जरुरी रहेको छ । यी दुर्लभ सम्पदाको अवैध व्यापार नियन्त्रणको लागि एउटा छुट्टै निकायको स्थापनाको लागि सम्बन्धित क्षेत्रहरुबाट राय, सुझाव र सहयोग जुटाउन लगायत आवश्यक राय सुझाव दिन, अवैध कारोवार नियन्त्रण गर्नका लागि एक सशक्त वन्यजन्तु अपराध नियन्त्रण इकाईको गठन र स्थापना गर्न मनासिव भएकोले नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६७।८।५ को निर्णय बमोजिम निम्नानुसारको संरचना स्थापना गरिएको छ ।

### २. केन्द्रीयस्तर वन्यजन्तु अपराध नियन्त्रण इकाई
### (Wildlife Crime Control Bureau)

#### २.१ केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सांगठनिक संरचना

| | |
|---|---|
| १. महानिर्देशक, रा.नि. तथा व.ज.सं. विभाग | संयोजक |
| २. महानिर्देशक, वन विभाग | सदस्य |
| ३. महानिर्देशक, भन्सार विभाग | सदस्य |
| ४. सहायक रथी, नेपाली सेना | सदस्य |
| ५. नायव प्रहरी महानिरीक्षक, केन्द्रिय अनुसन्धान व्युरो | सदस्य |
| ६. नायव महानिरीक्षक, सशस्त्र प्रहरी | सदस्य |
| ७. अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| ८. नेपाल वन्यजन्तु संरक्षणमा कार्यरत गै.स.सं.२ प्रतिनिधि | सदस्य |
| ९. उपमहानिर्देशक, रा.नि. तथा व.ज.सं. विभाग | सदस्य-सचिव |

### २. काम, कर्तव्य र अधिकार

- राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिको निर्देशनमा वन्यजन्तुको शिकार तथा तिनका अङ्ग प्रत्यङ्गको अवैध व्यापार नियन्त्रण गर्ने ।
- अपराध नियन्त्रण गर्न सम्बद्ध निकायहरु बीच समन्वय गर्ने ।
- चोरी शिकार हुन नदिन र वन्यजन्तु र तिनका अङ्ग प्रत्यङ्गको अवैध व्यापार नियन्त्रण गर्न नियमित अनुगमन गर्ने ।
- उल्लेखित कार्यहरु गर्न आवश्यकता अनुसार जिल्लास्तरीय वन्यजन्तु अपराध नियन्त्रण इकाईको गठन र परिचालन गर्ने ।

### ३. सचिवालय व्यवस्थापन

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा केन्द्रीयस्तरको सचिवालय रहने ।
- सदस्यहरुः नेपाली सेना, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी, भन्सार विभाग, वन विभागका उप-सचिवस्तर वा सो सरहका प्रतिनिधि ।
- सचिवालय व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारीहरु राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले व्यवस्था गर्ने ।

### २.५ काम, कर्तव्य र अधिकार

- केन्द्रीयस्तरको इकाईको मातहतमा रही वन्यजन्तु र तिनका अङ्ग प्रत्यङ्गको अवैध व्यापारलाई नियन्त्रण गर्ने ।
- अपराध नियन्त्रण गर्न सम्बद्ध निकायहरु बीच समन्वय गर्ने ।
- चोरी शिकार हुन नदिन र वन्यजन्तु र तिनका अङ्ग प्रत्यङ्गको अवैध व्यापार नियन्त्रण गर्न नियमित अनुगमन गर्ने ।
- वन्यजन्तुको संरक्षण तथा बन्यजन्तु अपराध सम्बन्धी आवश्यक नियन्त्रणको लागि नेपाल सरकारले गर्नुपर्ने नीतिगत, संस्थागत र कानूनी सुधारका सम्बन्धमा सुझाव पेश गर्ने ।
- केन्द्रीयस्तरमा रहेको इकाईलाई समय समयमा आफ्नो कार्यप्रगति पेश गर्ने ।

**अन्य व्यवस्था**

- जिल्लाको हकमा आवस्यकता अनुसार केन्द्रीय इकाईले निर्णय गरी विस्तार गर्ने ।
- जिल्लास्तरीय इकाईको सचिवालय सम्बन्धित रा.नि. तथा व.ज.आरक्ष कार्यालयमा रहने । निकुञ्ज तथा आरक्ष नभएको जिल्लाको हकमा यस्तो सचिवालय जिल्ला वन कार्यालयमा रहने ।
- जिल्लास्तरीय वन्यजन्तु अपराध नियन्त्रण इकाईले आवश्यकता अनुसार थप जनशक्ति परिचालन गर्न सक्ने ।




**जिल्लास्तर व्युरो गठन**

**हालसम्म** : काठमाडौं, भक्तपूर, ललितपूर, चितवन, नवलपरासी, बर्दिया, सिन्धुपाल्चोक, ताप्लेजुङ, रसुवा, दार्चुला, कञ्चनपुर, झापा, पर्सा, र बाँके समेत १४ ।

**प्रक्रियामा** : कास्की, मुस्ताङ, हुम्ला, संखुवासभा, गोरखा समेत ५ वटा

## अनुसूची १.८

### Human-Wildlife Conflict: Past experience, present scenario, and way forward:

**Background/Context**
- HWC as a negative interaction: Anthropogenic activities (unsustainable resource use)
- Invasion of alien plant species
- Poverty and lack of awareness
- Habitat degradation, loss & fragmentation-
- Loss of seasonal migration routes and shrinkage of wildlife habitats
- Increasing populations of wild animals requiring more space for their dispersal & seasonal migration
- Emerging as a key conservation challenge

**Sources of conflict**
- Small size of PAs
- Increasing human & livestock population in the vicinity
- Increasing resource use
- Depleting resources outside PA
- Wild animals' natural attraction to more nutritious crops
- Close proximity
- Ineffective of protection measures
- Preconceived misconception about PA

**Types of conflict:** Five major types of HWC

a. Wildlife to Human
i) Human casualty/injury (Elephant, Tiger, Rhino)
ii) Property loss (Elephant)
iii) Livestock depredation (Tiger, Leopard)
iv) Crop damage (Elephant, Rhino, Chital, Wild boar, Blue bull)

b. Human to Wildlife: Retaliatory action (Injury and killing)

**Major wild animals involved in conflict**

- ➢ Wild Elephant, Arna, Rhinoceros
- ➢ Tiger, snow leopard, common leopard
- ➢ Wild boar
- ➢ Spotted deer, Barking deer, Blue bull, Blue sheep
- ➢ Himalayan black bear and Sloth bear
- ➢ Himalayan tahr
- ➢ Rhesus and Langur monkeys

**Incidents of HWC and Mitigation measures in the Past: Prior to BZ Program**

| Place | Incidences |
|---|---|
| Jumla | one female killed by Himalayan black bear in 2046 |
| Jhapa | 3 persons killed by wild elephant and one by Arna in Bahundangi, Jhapa in 2046 |
| KTWR | Crop damage by wild elephant and Arna reported |
| CNP | One person killed by rhino and few by female tiger 1949__ |
| BNP | One persons killed in Parewadar close to Babai Br. 2050 |
| LNP | Crop damage by wild boar |
| ShWWR | Crop damage by wild boar |
| SWR | Crop damage by wild boar and Chital |
| SNP | Crop damage by Himalayan tahr |
| Rara | Crop damage by wild boar |
| Lumbini | Crop damage by blue bull |
| Bagphata | Two leopards came out from SWR |
| CNP | One phanit of Temple Tiger was killed by tiger in 2050 |
| | one NTNC staff was killed and a researcher seriously injured by rhino |
| | One tiger was killed in Rautahat in 2049 |

**<u>Measures</u>:**

| | |
|---|---|
| 2040 | One leopard captured from Jyatha, Kathmandu and send to Central Zoo |
| 2046 | Arna was killed by people and police in KTWR |
| | Ganesh Hatti and one wild elephant were killed in KTWR |
| | Thulo hatti was killed in Pilibhit, India |
| 2049 | One female tiger died after immobilization in Lamichaur, Kathmandu |
| 2050 | One male tiger darted and moved to CZ |
| | Stone wall in Shivapuri and Rara |
| | Barbed wire fencing (Chitwan, Bardiya, KTWR) |
| | Barbed wire fencing with trench (Chitwan, Bardiya)<br>Game proof fencing (Suklaphanta) |
| | Sikaris from Sikari Adda were send to LNP to kill wild boars |
| | Wild boar declared as pest animal in 2035 and permitted to kill while they are in farmlands and also issue permit on payment of Rs 100/- to capture wild boar |
| | Construction of machan |
| | Traditional scaring device, scarecrow, flame, etc. |
| | Japanese proposal for 100 Km Solar fencing around in Terai PAs as a trial but was not accepted |

